महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## मुसिकोट नगरपालिका, गुल्मी

८०५५२४०१३००

मुसिकोट नगरपालिका , गुल्मी

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८०/८१ मिति : २०८०-७-४

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
मुसिकोट नगरपालिका, गुल्मी ,
मुसिकोट नगरपालिका , गुल्मी

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन/राजस्व/धरौटी र अन्य कारोवारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।०६।२५ मा छलफल पश्चात् तयार गरिएको पाना ६६ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) बमोजिम ३५ दिनभित्र फस्योंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्योंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तरदायी अधिकृत।कार्यालय प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

अगम बाबु पुरी
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, गुल्मी
।, gulmi.dtco@fcgo.gov.np

# परिचय

## १ परिचय तथा लेखापरीक्षण विधि

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।२ देखि २०८०।०६।८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु.४०३८७८०७९।-, राजश्वतर्फ रु.१४६५८८६९।-, धरौटीतर्फ रु.७४१९००७।- गरी जम्मा रु. ९३३०००८०२।-को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १९००८९९।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सिलाई मेसिनको २०% साझेदारी रकम बेरुजु दाखिला | ६३४१० |
| २ | सामाजिक सुरक्षा बढी निकासा भएको रकम बेरुजु दाखिला | ९०६३६ |
| ३ | ब्युटिपार्लर तालिमको प्रशिक्षकको पारिश्रमिक कर कट्टी बेरुजु दाखिला | ६४८० |
| ४ | आय ठेक्का मु.अ.कर दाखिला | ७४०२५५ |
| ५ | आय ठेक्का अग्रिम आयकर दाखिला | ८५४१४ |
| ६ | समपुरक अनुदान अनुदान फिर्ता | ७३५०५१ |
| ७ | विद्यालय भवन निर्माण अग्रिम आयकर दाखिला | १७९६५३ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १६,७९,५३,७६९।५३, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २,५७,०२,८७८।-, र अन्य रु. ३,२९,०२,८७८।- समेत गरी रु. २०,४१,४२,८६७।५३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक

अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३४२२६४५.०० , यस वर्षको प्राप्ति रु. २४०८७९७०९.२९, यस वर्षको भुक्तानी रु. २४४३०५३७४.९३ र बैङ्क मौज्दात रु. ३०२०.६४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ४९७१२७८०. | ६३८९८५६६८.२१ | ६३६९७६५९०.५७ | ५१७२१८५७.६४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५३१३५४२५. | ८७९८६५३७७.५ | ८८१२८१९६५.५ | ५१,७१८,८३७.०० |
| फरक | ३४२२६४५.०० | २४०८७९७०९.२९ | २४४३०५३७४.९३ | ३०२०.६४ |

सैद्धान्तिक बेरुजु

२.३ **गत वर्षको चालु खर्चको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश खर्च रकम मध्ये (क) तलब (स्वीकृत दरवन्दीको), (ख) महङ्गी भत्ता र स्थानीय भत्ता, (ग) सरुवा भ्रमण खर्च, (घ) घर भाडा, (ङ) पोशाक, खाद्यान्न, औषधि उपचार, विरामी र बन्दीको सिधा (च) सेवा निवृत्त सुविधा, र (छ) स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा बजेट सूचना प्रणालीमा प्रविष्ट गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्ने व्यवस्था रहेको छ । तर पालिकाले निम्नानुसारको गो.भौ.नं. र मितिमा नियमावलीको उक्त प्रावधान विपरित तोकेका भन्दा फरक प्रकृतिका गत वर्षका चालु खर्च रकमहरू चालु आर्थिक वर्षको बजेट सूचना प्रणालीमा प्रविष्ट गराईसम्बन्धित बजेट रकमबाट रु. १३,०४,६८४।- भुक्तानी गरेकोपाइयो । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| क्र. सं. | मिति | भौ. नं. | खर्च शीर्षक | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | १३/०६/२०७९ | ३५ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | गाडीभाडा भुक्तानी | ८४,०००.०० |
| २ | ०२/०७/२०७९ | ४२ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | बहुक्षेत्रीय पोषण संवेदनशिल कृषि विकास कार्यक्रम अन्तर्गत अण्डावितरणको भुक्तानी | ४५,०००.०० |
| ३ | ०४/०७/२०७९ | ५० | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | नगरपालिकामा विभिन्न सामाग्री खरिद गरेवापतको भुक्तानी | ३८,१९४.०० |
| ४ | ०६/०७/२०७९ | ५२ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | इन्धनको भुक्तानी | ७०,००१.०० |
| ५ | ०६/०७/२०७९ | ५६ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | सापकोटा तन्दुरी रेष्टुरेन्ट एण्ड वारलाई भुक्तानी | १५७६००. |
| ६ | २५/०७/२०७९ | ७५ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | सन्देशमूलक सूचना प्रकाशन गरेवापत भुक्तानी | १२,०००.०० |
| ७ | २८/०७/२०७९ | ८१ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | गत वर्षको गाडीभाडाभुक्तानी | २६७५००. |
| ८ | २९/०७/२०७९ | ८३ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | पुस्तक छपाइ लगायत अन्य खर्चको भुक्तानी | ५६,५००.०० |
| ९ | ३०/०७/२०७९ | ८६ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | गत वर्षको भुक्तानी बाँकी मध्ये वडागाउँ स्वास्थ्य चौकीलाईभुक्तानी | ९९,८८९.०० |
| १० | ०८/०८/२०७९ | ८७ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | इन्धन , फोहोरमैला व्यवस्थापन लगायत गत वर्षको भुक्तानी बाँकीस्वास्थ्य चौकीको भुक्तानी | १०००००. |
| ११ | ११/०८/२०७९ | ९२ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | वामीटक्सार स्वास्थ्य चौकीर अनलाइन मिडियालाई भुक्तानी | ३०,०००.०० |
| १२ | १४/०९/२०७९ | १२१ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | उपप्रमुखको आवतजावतकोगाडीभाडा भुक्तानी | ३२,०००.०० |
| १३ | १८/१०/२०७९ | १६९ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | नवदुर्गा ल फर्मलाईभुक्तानी | १८००००. |
| १४ | १८/११/२०७९ | २०२ | गतवर्षको भुक्तानी दिन बाँकी दायित्व | गाडिभाडाको भुक्तानी | १३२०००. |
| जम्मा | | | | | १३०४६८४. |

सैद्धान्तिक बेरुजु

## ३ बजेट तथा कार्यक्रम

३.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने

व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९।०३।१० मा रु.६७ करोड ४८ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३.५ **लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला ्इ जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिकप्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५%सम्मप्रगति** | **५०%सम्म प्रगति** | **७५%सम्म प्रगति** |
| **कार्यक्रम संख्या उस** | २३२ | - | - | - | २३२ |
| **कार्यक्रम संख्या निर्माण व्यवसायी** | ३४ | - | - | - | ३४ |

सैद्धान्तिक बेरुजु

३.६ **योजनाप्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ९ वटा वडाको लागि वडागत र पालिकास्तरका कुल ३१० योजनामा वजेट विनियोजन गरेको छ

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ११७ | २२ | ३० | ६५ |
| २ | वडास्तरीय | १९० | - | - | १९० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३०७ योजनामात्र

कार्यान्वयन भई ३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्यक्षेत्र** | **वार्षिकवजेट** | **खर्चरकम** | **कुलखर्चमध्येप्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ४,६४,६६,१३९ | २,७४,४५,५७० | ४.४५ |
| सामाजिक विकास | ३७,३६,७४,४५० | ३३,८७,९०,९४६ | ५४.९८ |
| पूर्वाधार विकास | १९,७६,६५,५३६ | १५,५८,०१,८३० | २५.२८ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,५१,८२,८११ | २,०२,०३,००७ | ३.२७ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,०३,६३,८३१ | ७,३९,३२,०६३ | ११.९९ |
| **जम्मा** | **७४,३४,५२,७६७.२९** | **६१,६१,७३,४१६** | **८२.८७** |

सैद्धान्तिक बेरुजु

३.८ **खर्च विश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१,४६,५८,८६९।-राजस्व बाँडफाँड र अनुदानबाट रु.६४,६८,९२,७९२।- समेत रु.६६,१५,५१,६६१।-आम्दानी भएकोमा चालु तर्फ रु.४०,३८,७८,०७९।- र पूँजिगत तर्फ रु.२१,२२,९५,३३४।- समेत रु.६१,६१,७३,४१३।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.३प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. १,०७,९०,०६६।- खर्च भएको छ जुन आन्तरिक आयको ७३.६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.५६ प्रतिशत चालु र ३४.४५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

वजेट व्यवस्थापनतर्फ

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको,

भ्रमण खर्च व्यवस्थापनतर्फ

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने गरे नगरेको खरिद व्यवस्थापन तर्फ

सार्वजनिक खरिद व्यवस्थापनतर्फ

• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी नभएको ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको ,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको

शिक्षातर्फ

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।

मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):-कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको, • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,

विविध तर्फ

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. गरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

बेरुजु लगतः

म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

• म. ले. प. फाराम ८०१ – बेरुजु लगत

• म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन

• म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत

• म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन

• म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख

अनुसार ती म. ले. प. फाराम अद्यावधिक नरहेकोले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्धतिः

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको

• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखे नराखेको र अद्यावधिक भए नभएको

• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको

• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखे नराखेको

• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखे नराखेको

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर मुसिकोट नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ संगठन तथा कर्मचारी व्यवस्थापन

६.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ६२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

| सैद्धान्तिक बेरुजु |
|---|

६.२ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १९ पदमा ९८ जना कर्मचारीहरु करारमा राखि रु.३,५६,५१,५८२।-खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ९ पदमा ३७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१०९७३९२७।- भुक्तानी गरेको अनियमित दिखएको रु.......

| अनियमित भएको | १,०९,७३,९२७ |
|---|---|

## ७ वडा सचिवको पदपूर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ५ | ४ |

| सैद्धान्तिक बेरुजु |
|---|

## ८ कर दस्तुर एवं आन्तरिक आय

८.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २,३५,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०७९।८० मा रु. १,९९,२४,९७५।८५ अर्थात अनुमान भन्दा १८ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८.२ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४६०३६४३४३ | १४६५८८६९ | ३.१८% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २६०००००० | २१०७२४१ | ८१.०४७ |
| घरजग्गा वहाल कर | ६००००० | ५२९२१७ | ८८.२ |
| व्यवसाय कर | ८००००० | २६६४८० | ३३.३१ |
| भुमिकर। मालपोत | २०००००० | २३००२०३ | ११५.०१ |
| अन्य कर | १०००००० | २५६३२८ | २५.६३ |
| दहत्तर बहत्तर शुल्क | ११५००००० | ६४४८०७५ | ५६.०७ |
| अन्य प्रशासनिक सेवा शुल्क | १०००००० | २८०६८१२ | २८०.६७ |
| नक्सापास दस्तुर | ६००००० | ९९२०२ | १६.५३ |
| सिफारिस दस्तुर | २०००००० | १९७५०६६ | ९८.७५ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ८००००० | ५३६७९५ | ६७.०९९ |
| अन्य राजस्व | ६००००० | २५९९५५५ | ४३३.२५ |
| जम्मा | २,३५,००,००० | १,९९,२४,९७६ | ८४.७८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

८.४ **स्थानीय तहरूको विभाज्य कोष** – प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको

सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यथार्थ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.५ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२,६६,४८०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८.६ **सवारी कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष पालिकाले यस शीर्षकमा रु.४०००।- कर संकलन गरेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८.७ **मनोरञ्जन कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **सम्पत्ति हस्तान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. १,१९,४९,०००।- सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष९ जना | कार्यपालिका सदस्य ८जना | सभाका सदस्य ३० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | ११८९००० |
| २ | यातायात खर्च | | १४४००० | १२९६००० | ७३२००० | १२६०००० | ३४३२००० |
| ३ | टेलिफोन,मोबाइल | ४८००० | ४८००० | ३२४००० | २८८००० | ९००००० | १६०८००० |
| ४ | पुस्तक,पत्रिका, ईन्टरनेट | ६०००० | ६०००० | ४३२००० | ३००००० | ७२०००० | १५७२००० |
| ५ | समन्वय तथा सहजीकरण | १५६००० | ९६००० | ७५६००० | ५०४००० | ११८०००० | २६९२००० |
| ६ | अतिथि सत्कार | ८४००० | ७२००० | ६४८००० | ७२००० | ० | ८७६००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | | | | १२०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १०८००० | ८२००० | २४०००० | ४६०००० |
| | जम्मा | | | | | | ११९४९००० |

सैद्धान्तिक बेरुजु

१२ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२१,२२,९५,३३४।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा०.५५ देखि ४०.६५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

१४ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत

अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत रु. ६,३७,४५३।- कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

१७ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

सैद्धान्तिक बेरुजु

१८ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था

छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## २० सहायता तथा विविध खर्च

२०.१ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २६६ संघसंस्था र व्यक्तिहरुलाई रु. २४,५५,४०८।-आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,४६,५८,८६९।- को १६.७५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२०.२ **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु ३३,४२,६३९।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

२०.३ **महोत्सव तथा अन्य खर्च** – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ९,८२,२४९।- खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

## २१ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले २२३ जनालाई रु. १८,६५,०००।- तथा विभिन्न कृषक समुह तथा कृषकहरूलाई मलविउ तथा पशु चौपाया अनुदानमा रु. ९,६५,०००।- गरी रु.२८,३०,०००।- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २२ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २३ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २४ सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले प्लानिङ सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ४,९२,०००।- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

## २५ परामर्स तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| सिन | कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृतबजेट | खर्चरकम | अध्ययनबाटनिर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिकवातावरणिय परिक्षण (IEE) | इगल्स सोलुशन प्रालि | ५०० | ४९४.९ | १२००० |
| २ | वहुउद्धेशियसभा हल | रिजिड इन्जिनियरिङ प्रालि | ५०० | ४८६.५ | ५६६५३.५ |
| ३ | बहुउद्धशियसभाहल र कभर्ड हल माटो परिक्षण | अस्त्रइन्जिनियरिङ कन्सलटेन्सी प्रा लि | ५०० | ४९० | |
| ४ | स्वास्थ्यचौकी भवन वडा नं ८ | रेट्रोइन्जिनियरिङ कन्सल्ट प्रा लि | ५०० | ४८९.३ | ३४७६४.३ |
| ५ | स्वास्थ्यचौकी भवन वडा नं ४ | ए.यस.कन्सल्ट प्रा लि | ५०० | ४८५.६ | २५२६७.२ |

यस्तो अध्ययन काकर्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

२६ **कानून निर्माण एवं कार्यान्वयन**

२६.१ **कानून र सञ्चालन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३४ वटा ऐन, ८ वटा नियमावली, ५६कार्यविधि लगायत १०४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

२६.२ **न्यायिक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको १ गरी कुल २ विवाद दर्ता भएकोमा १ वटा मात्र फर्स्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २७ त्रैमासिक पूँजीगत खर्च

**त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथमत्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथोत्रैमासिक | असार महिना |
| १ | पूँजिगत खर्चतर्फ | २१२२९५.३३४ | २४५४.११३ | २३१०४.५४३ | ४५२६३.३३७ | १४१४७३.३४१ | ८२०५०.६८४ |
| | प्रतिशत | | १.१५६ | १०.८८ | २१.३२ | ६६.६४ | ३८.६५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२१,२२,९५,३३४।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२४,५४,११३।- (१.१६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२,३१,०४,५४३।- (१०.८८ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.४,५२,६३,३३७।- (२१.३२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८,२०,५०,६८४।- (३८.५६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २८ स्थानीय तहका पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. १,१९,४९,०००।- सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष९ जना | कार्यपालिका सदस्य ८जना | सभाका सदस्य ३० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | ११८९००० |
| २ | यातायात खर्च | | १४४००० | १२९६००० | ७३२००० | १२६०००० | ३४३२००० |
| ३ | टेलिफोन,मोबाइल | ४८००० | ४८००० | ३२४००० | २८८००० | ९००००० | १६०८००० |
| ४ | पुस्तक,पत्रिका, ईन्टरनेट | ६०००० | ६०००० | ४३२००० | ३००००० | ७२०००० | १५७२००० |
| ५ | समन्वय तथा सहजीकरण | १५६००० | ९६००० | ७५६००० | ५०४००० | ११८०००० | २६९२००० |
| ६ | अतिथि सत्कार | ८४००० | ७२००० | ६४८००० | ७२००० | ० | ८७६००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ६०००० | ६०००० | | | | १२०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १०८००० | ८२००० | २४०००० | ४६०००० |
| | जम्मा | | | | | | ११९४९००० |

सैद्धान्तिक बेरुजु

२९ **कृषि कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको प्रगति कार्यक्रम गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष कृषि कार्यक्रम तर्फ प्राप्त वजेट मध्ये देहाय अनुसारको कार्यक्रमहरु नगरी रकम फ्रिज गरेको छ । बार्षिक रुपमा विनियोजित रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलब्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं | कार्यक्रम | रकम रु. |
|---|---|---|
| 1. | कृषि तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम | २५००००० |
| 2. | आ.व.२०७८।७९ को कफि पकेट निरन्तरता | ६००००० |
| 3. | मसिना धान उत्पादन कार्यक्रम | १०००००० |
| 4. | नयाँ आलुवारी पकेट विकास कार्यक्रम | १२००००० |
| 5. | उन्नत बिऊ वितरकलाई प्रोत्साहन | १२०००० |
| 6. | किसान सूचिकरण | ३००००० |
| **जम्मा** | | **५७२००००** |

सैद्धान्तिक बेरुजु

३० **प्राविधिक बील र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरु.बाट सञ्चालित योजनाको ठेक्का बीलहरु.मा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **ऋणमा व्याज अनुदान**

३१.१ मुसिकोट नगरपालिकाको कृषि ऋणको व्याजमा पचास प्रतिशत अनुदान कार्यक्रम सम्वन्धि कार्यविधी, २०७५ को दफा ५(ग) मा कृषि व्यवसायको लागि ऋण प्रवाह, कृषि व्यवसाय सञ्चालन तथा व्यवस्थापन सम्वन्धी अनुगमन र मूल्याङ्कनको लागि अनुगमन समितिको व्यवस्था गरेको छ । उक्त अनुगमन समितिले कृषि ऋणको व्याजमा पचास प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत पालिकाबाट सुविधा उपभोग गर्नेगरी सम्झौता गरेका ऋणीको ऋण सदुपयोग बारेमा अनुगमन गरे पश्चात सो व्याज भुक्तानी दिनुपर्नेमा पालिकाले समितिको प्रतिवेदन विना नै देहाय अनुसारको भुक्तानी दिएको छ । यसरी प्रमाण वेगर गो.भौ.३६।०७९।११।२३ बाट रु.११८७८२।-भुक्तानी दिएको ऋण रकमको सदुपयोग सम्वन्धी अनुगमन समितिको प्रतिवेदन पेश हुने, रु.

| सि.नं | ऋणिको नाम | ब्याज भुक्तानी वैंक | ब्याज अवधी | ब्याज रकम रु. |
|---|---|---|---|---|
| 1. | ज्ञान बहादुर बोहोरा | ग्लोबल आई.एम.ई.बैंक | २०७७।७।१ देखि २०७९।८।२९ | २४७७४ |
| 2. | मिन बहादुर छन्तेल | " | २०७७।७।१ देखि २०७९।८।२९ | २५३८४ |
| 3. | टंक बहादुर थापा | " | २०७७।७।१ देखि २०७९।८।२९ | ३२७४७ |
| 4. | मन्ना मल्टि फार्म | साईन रेसुङ्गा बैंक | २०७९।१।१ देखि २०८०।३।३२ | ८२६१ |
| 5. | मालारानी मौरीपालन केन्द्र | " | २०७९।१।१ देखि २०८०।३।३२ | २७६१६ |
| **जम्मा** | | | | **११८७८२** |

| प्रमाण पेश नगरेको | १,१८,७८२ |
|---|---|

३१. **क)** उल्लेखित प्रयोजनको लागि पालिकाले रकम बैंकलाई २०७७।७।१ देखि २०८०।३।३२ सम्मको भुक्तानी दिएको पाईयो । यसरी पालिकाले गत विगतको भुक्तानी दिएकोमा सोको प्रमाण संलग्न गरेको छैन । साथै बैंकले २०८०।३।३२ सम्मको व्याज दावी गरेकोमा गो.भौ.३६।०७९।११।२३ बाट आषाढसम्मको व्याज अग्रीम रुपमा भुक्तानी गर्नुको कारण खुलाएको छैन । त्यसै गरी पालिकाले कुन कुन ऋणीले कहिले कहिले ऋण रकम लगेका हुन र कति ऋण चुक्ता गरे कति बाँकि छ सो को अभिलेख समेत खडा गरेको छैन । पालिकाले सो सम्वन्धमा समेत प्रमाण पेश गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

### ३२ पाम्सको प्रयोग

नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरु.को सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरु. एवं सवै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रु.पमा लागू गरेको छ । पालिकाले यो आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षातर्फ खरीद गरेको औषधि, मेडिकल सामानहरु र उपकरण पालिकाको केन्द्रिय जिन्सि खाता अन्तर्गत PAMS मा दाखिला गरेको छैन । साथै मर्मत तर्फको सामानहरु. समेत पाम्समा रेकर्ड अद्यावधिक नगरेको कारण कुन कुन सामान कुन मेशिन औजारको मर्मतमा प्रयोग भएको हो यकिन हुन सकिने अवस्था रहेन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

### ३३ कृतिम गर्भाधान

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले यस नियमावली बमोजिम खर्च गर्दा खर्चका विल भरपाई राख्नुपर्ने व्यवस्था छ । पालिकाले कृतिम गर्भाधारण मिसन कार्यक्रम अन्तर्गत नेशनल मल्टी इन्टरप्राईजेजलाई औषधि खरीद गरेको जनाई गो.भौ १७०।०८०।३।२१ बाट रु.३४७९२७।-भुक्तानी खर्च देखाएको छ । पालीकाको बार्षिक विवरण परीक्षण गर्दा यस बर्ष कृषकका १०३ गाई र ४६ वटा भैसीमा मात्रै सो सेवा प्रदान गरेको आधिकारीक तथ्याङ्क उपलव्ध गराएको छ ।यसरी कृषकहरुलाई आर्थिक बर्षभर सेवा प्रदान गर्ने गरी विनियोजित

वजेट अन्तिममा औषधी खरीद गरेको देखिएतापनि कृषकले पर्याप्त सेवा नपाएको देखिन्छ । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३४ शुभकामना सन्देश तथा क्यालेण्डर छपाई

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को प्रकरण ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने तथा सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न संघ संस्थाहरु.लाई शुभकामना सन्देश तथा क्यालेण्डर छपाई वापतको रकम भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरणहरु. देहाय बमोजिम छन् ।

| गो.भौ.नं.।मिति | भुक्तानी पाउने | रकम |
|---|---|---|
| ३२०।२०८०।०२।४ | गुल्मेली अधिकृत समाज | १५००० |
| ३३६।२०८०।०२।२० | रेडियो नेपाल प्रोभिन्सल ब्रोडकास्टिङ | १०००० |
| ३३९।२०८०।०२।२३ | अर्घाखाँची मैत्री समाज | ५००० |
| ३३९।२०८०।०२।२३ | रेसुङ्गा बहुमुखी क्याम्पस | १०००० |
| ३६२।२०८०।०२।३० | सुनौलो प्रभात मासिक | ८००० |
| ३६४।२०८०।०२।३१ | नेपाल निजामती कर्मचारी युनियन | १०००० |
| ३६४।२०८०।०२।३१ | नेपाल निजामती कर्मचारी संगठन | १०००० |
| ३६५।२०८०।०२।३१ | वैज्ञानिक दृष्टि | १५००० |
| ३६५।२०८०।०२।३१ | सामुदायिक रेडियो पुष्पाञ्जली | ७००० |
| ३६८।२०८०।०२।३२ | अखिल नेपाल किसान महासंघ | २०००० |
| ३७९।२०८०।०३।०४ | नेपाल औषधि व्यवसायी संघ | ५००० |
| ३७९।२०८०।०३।०४ | छड्के मिडियो | ५००० |
| ४२७।२०८०।०३।१८ | सुरज भट्टराई | ७५०० |

सैद्धान्तिक बेरुजु

## ३५ औषधी खरीद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले यस बर्षआवश्यक पर्ने विभिन्न ६३ आईटम औषधी तथा औषधीजन्य सामान खरीदको

लागि विँभिन्न फर्मको दरभाउपत्र लिई सोको औषतको आधारमा मात्रै रु.२९९९९३६।४० को लागत अनुमान तयार गरेको पाईयो । सोहि लागत अनुमानको आधारमा २०७९।६।२ मा वोलपत्र सूचना जारी गरेकोमा आठ फर्मको वोलपत्र परेको पाईयो । पालिकाले सवैभन्दा कम रु.१०१०१६१।०६ कवोल गर्ने फर्म चुनचुन फार्मेसिसँग ३ महिना भित्र औषधी तथा औषधीजन्य सामान आपूर्ति गर्नेगरी २०७९।८।१२ मा सम्झौता गरेको छ । फर्मले निर्धारीत समयमा आपूर्ति गरेको जनाई पालिकाले गो.भौ.९२।०७९।११।०२ बाट रु.१०१०१७९।–भुक्तानी दिएको छ । पालिकाले पालिकाले लागत अनुमान तयार गर्दा नियमावली,को व्यवस्था अनुसार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ३६ कार्यक्रम बाहिरको खर्च

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकाले शशर्त वजेटबाट ६ महिनाको तलव र ६ महिना आन्तरीक स्रोतबाट व्यहोर्ने गरि एम.आई.एस.अपरेटरको रुपमा दुई जना नियुक्त गरेकोमा शशर्त वजेटबाट रु.४८९०२०।–खर्च लेख्नुपर्ने देखिन्छ । तर पालिकाले रु.७४७०००।–खर्च लेखेको छ । यसरी शशर्त वजेटबाट खर्च गर्न पाउने भन्दा बढी खर्च लेखेको रकम रु.२५७९८०।-संघिय संचित कोषमा फिर्ता पठाउनुपर्ने देखिएको, रु.

| प्रमाण पेश नगरेको | २,५७,९८० |
|---|---|

## ३७ न्यूनतम मौज्दात

अस्पताल फार्मेसी निर्देशिका, २०७२ अनुसार स्वास्थ्य संस्थामा औषधिको न्यूनतम मौज्दात कायम हुनुपर्दछ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार देहाय लगायतको औषधी सहित १५८ प्रकारका औषधिहरु शुन्य मौज्दातको अवस्था रहेको पाईयो । दैनिक प्रयोगमा आउने सो औषधिहरुको प्रतिस्थापनमा पालिकाले सिलबन्दिको माध्यमबाट अन्य ब्रान्डको औषधि प्रयोग गरेको उल्लेख गरेको छ । दैनिक रुपमा आवश्यक हुने र माग बमोजिमका औषधि उपलव्ध नहुँदा सेवाग्राहीलाई सेवा नपुग्ने देखिँदा माग अनुसारका औषधिको व्यवस्थापन गरी प्रभावकारी रुपमा स्वास्थ्य सेवा सञ्चालन गर्नुपर्दछ । पालिकाले पर्याप्त बजेट नभएकोले माग अनुसारको खरीद गर्न नसकेको जनाएको छ । सम्वन्धीत पक्षले सोमा ध्यान दिनुपर्छ ।

| सि.नं | औषधी | बार्षिक खपतसंख्या |
|---|---|---|
| 1. | Ampiciline२५० mg | १६५०० |
| 2. | Ampiciline५०० mg | ६५८०० |
| 3. | Amoxycillin २५० mg | १६५०० |
| 4. | Azithromycin ५०० mg | ३००० |
| 5. | Diclofenac Sodium १०० mg | ११००० |
| 6. | D०xycucline१००mg | ६००० |
| 7. | Fluconazole १५०mg | ११२५ |
| 8. | Frusemide ४०mg | ७२०० |
| 9. | Ranitidine १५० mg | १०२००० |
| 10. | Paracitamole१५०mg Cyrup | ४९७ |

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **एक गाउँ एक प्राविधिकको तलव**

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई यस बर्ष एक गाउँ एक प्राविधिकको तलवको लागि रु.१३०००००।–विनियोजन भएकोमा सो वजेटबाट तिन जना प्राविधिकहरु नियुक्त गरेको पाईयो । पालिकाले सो तिन जनाको लागि ६ महिनाको तलव र चाडवाड खर्च गरी हुने रकम रु.६४१३५२।–(दुई जनाको ७ महिनाको र १ जनाको चार महिनाको) मात्रै संघिय शशर्त वजेटबाट खर्च गरी बाँकि रकम पालिका वजेटबाट खर्च गर्नुपर्नेमा रु.१२५९४५८।-खर्च संघिय वजेटबाट गरेको छ । अतः संघिय शशर्त वजेटबाट बढी खर्च गरेको रकम रु.६५८६४८।- संघिय संचित कोषमा फिर्ता पठाउनुपर्दछ, रु.

| प्रमाण पेश नगरेको | ६,५८,६४८ |
|---|---|

३९ **मातृ तथा नवशिशु कार्यक्रम**

स्थानिय तह कार्यक्रम संचालन मार्गदर्शन, २०७९।८० अनुसार मातृ तथा नवशिशु कार्यक्रम शिर्षकमा रु.१४०१०००।– वजेट विनियोजन गरेको पाईयो । सो विनियोजित वजेटबाट बर्थिङ्ग सेण्टरमा कार्यरत २ जनाको तलव भत्तामा रु.६८७०००।–मात्रै खर्च लेख्नुपर्नेमा रु.९६५९०१।–खर्च गरेको छ । यसरी निर्धारीत वजेट भन्दा रु.२७८९०१।–बढी खर्च गरेको रकम नियमसम्मत नदेखिएको, रु.

| अनियमित भएको | २,७८,९०१ |
|---|---|

४० **खर्च शिर्षक फरक पारी खर्च लेखेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम वा सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको यकिन गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि भुक्तानी गरेको देखिन्छ ।पालिकाले सो तर्फ ध्यान दिनुपर्दछ ।.

| **गो.भौ.नं./मिति** | **खर्चको विवरण** | **हुनुपर्ने खर्च शिर्षक** | **भएको खर्च शिर्षक** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १२६।२०७९।०९।२५ | डेक्सटप कम्प्युटर- ५ थान ल्यापटप- १थान One Plus मोबाइल- २ थान खरिद | मेशीनरी सामान खरिद | मेशीनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन | ५७६०००/- |

सैद्धान्तिक बेरुजु

## ४१ बिउ बिजनमा यर्थाथ संकत पत्र नभएको

लुम्बिनी प्रदेश, बीउ बिजन ऐन, २०७५ को दफा १२ मा सूचित बीउ बिजन बिक्री वितरण गर्दा यर्थाथ संकेत पत्र संलग्न राख्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले बिभिन्न मितिमा विभिन्न प्रकारमा तरकारीको बीउ किन्दा बीउमा यर्थाथ संकेत पत्र नभएको बीउ बिजन खरिद गरेकोले गुणस्तरीय बीउ खरिद भयो वा भएन भन्नेमा यकिन हुन सकियन । पालिकाले यस पक्षमा ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ४२ उपभोक्तालाई खानेपानी महशुलमा अनुदान

मुसिकोट नगरपालिकामा उपभोक्ता समितिद्वारा खानेपानी महशुल संकलन गर्ने सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ मा (क) खानेपानी उपभोक्ता समूह/संस्थाले आफ्नो सेवा प्रवाह क्षेत्र भित्र रहेका उपभोक्ताको लगत अनूसूची १ बमोजिमको ढाँचामा राख्नु पर्ने, (ख) सम्बन्धित वडाको वडाअध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि-संयोजक, प्राविधिक शाखा/ खानेपानी तथा सरसफाइ शाखाको कर्मचारी र सम्वन्धित बढाको वडा सचिव रहेको खानेपानी महशुल निर्धारण समितिद्वारा संस्थाले उपभोक्ताबाट लिने शुल्क खानेपानी प्रवाहको स्थिति (ग्राभिटि वा लिफ्टिङ) हेरी खानेपानी महशुल निर्धारण गर्ने तथा दफा ५ बमोजिम नगरपालिकाबाट छुट/सहुलियत गरेको रकम प्राप्त गर्नको लागि समितिले नगरपालिकाको नाममा रसिद उपलब्ध गराउने र सो प्रयोजनको लागि वडा कार्यालयको अनुसूची २ बमोजिमको फारम भरी भुक्तानीको लागि सिफारिस गर्नपर्ने व्यवस्था रहेको छ । पालिकाको देहाय बमोजिमका समितिहरुलाई २० प्रतिशत छुट/सहुलियत गरेको रकम रु. ४,३७,८६९।- भुक्तानी गर्दा महशुल निर्धारण समितिबाट महशुल निर्धारण सम्बन्धमा भएको निर्णय तथा वडा कार्यालयको अनुसूची २ बमोजिमको फारम भरी भुक्तानीको लागि सिफारिस गरी नगरपालिकाको नाममा समितिले रसिद उपलब्ध गराएको नदेखिएकोले समितिले उपभोक्ताबाट उठाएको रकममा नगरपालिकाबाट निर्धारण गरिएको छुट/सहुलियत रकम छुट भए नभएको यकिन गर्न सकिएन । तसर्थ कार्यविधिको उपरोक्त प्रावधान बमोजिम महशुल निर्धारण समितिको निर्णय, वडा कार्यालयको अनुसूची २ बमोजिमको सिफारिस र नगरपालिकाको नाममा रसिदको प्रमाण पेश हुनुपर्ने रु.

| सि.नं. | वडा नं. | उपभोक्ता समितिको नाम | घरधुरी संख्या | न्यनतम मासिक शुल्क | रकम |
|---|---|---|---|---|---|
| १ | २ | जलकुने सौरपाटा लिफ्टिङ खानेपानी उपभोक्ता समिति | १७० | २०० | ७४००० |
| २ | ३ | पाउखोला पेगा लिफ्टिङ खानेपानी तथा सरसफाई उपभोक्ता समित | १६५ | १७५ | ६३५२५ |
| ३ | ३ | बेतपानी ठुलापोखरा लिफ्टिङ खानेपानी तथा सरसफाई उपभोक्ता समित | ४६ | ५०० | ५०६०० |
| ४ | ४ | भगलाम गैरा दजाकोट लिफ्टिङ खानेपानी तथा सरसफाई उपभोक्ता समित | १२५ | ३५० | ९४६४० |
| ५ | ६ | सर्पाङ गर्जाङ गुन्धारि खानेपानी तथा सरसफाई उपभोक्ता समित | २१५ | १०० | ३८५२० |
| ६ | ६ | चौर खानेपानी तथा सरसफाई उपभोक्ता समित | २८ | १०० | ५०४० |
| ७ | ६ | भुवाचिदी बेल्टारी खानेपानी तथा सरसफाई उपभोक्ता समित | १९० | १०० | ३४००० |
| ८ | ७ | करङखोला मौरीभिर वामी खानेपानी तथा सरसफाई उपभोक्ता समित | ३३८ | ८० | ५७६६४ |
| ९ | ८ | वामी मालारानी सर्पाङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता समित | ९० | १०० | १९८८० |
| **जम्मा** | | | | | **४३७८६९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३७,८६९ |

४३ **कार्य सम्पादन जमानत**

कार्य सम्पादन जमानतः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० मा निर्माण व्यबसायी वा आपूर्तिकर्ताले सम्झौता बमोजिमको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाले देहाय बमोजिमको निर्माण व्यवसायीले तोकेको अवधिभन्दा घटी अवधिको कार्यसम्पादन जमानत पेश गरेकोले जमानतको अवधि बढाउनुपर्ने रु..

| क्र.सं | निमार्णको व्यवसायीको विवरण | जारी बैंकको नाम | रकम | भएको | हुनुपर्ने |
|---|---|---|---|---|---|
| १ | लुम्बिनी निर्माण सेवा ठेक्का नं,३। ०७९-८०) | एन.एम.बी बैंक लि. काठमाडौँ | १५३९०२२ | २०८१।०४।०९ | २०८१।१०।२९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,३९,०२२ |

४४ **बिमा नगरेको**

बिमा नगरेकोःसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेशीन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले देहायको फर्मले विभिन्न ठेक्काको विमा गरेको पाइएन ।

| क्र.सं | फर्मको नाम | सम्झौता रकम | त्रुटी सच्याउनेअवधि |
|---|---|---|---|
| १ | कृष कुशल निर्माण एण्ड सप्लायर्सठेक्का नं-०५।२०७९।८० | ३९१२१३४ | २०८१।०३।१५ |
| २ | न्यु लिजा निर्माण सेवा ठेक्का नं-४.२०७९।८० | ३४३५२३७२ | २०८१।१।३० |
| ३ | विष्णु निर्माण सेवा ठेक्का नं-२.२०७८।७९ | ६२५९८२२ | २०८०।१०।३० |
| ४ | विष्णु निर्माण सेवा ठेक्का नं-१.२०७८।७९ | ५९५६४६३ | २०८०।९।५ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

### ४५ **१५ शैया अस्पताल निर्माण**

गाँउपालिकाले १५ शैया अस्पताल भवन निर्माणको लागि रु..१८०६४९८१३।-को लागत अनुमान तयार गरी निमार्ण व्यवसायी श्रेष्ठ कालीगण्डकी जे.भी, गुल्मीसँग मिति २०८०।०३।१५ भित्र काम सक्ने गरी २०७८।०२।२५मा रु.१११०२६१०८।-को सम्झौता गरेकोमातोकिएको मितिमा कार्यसम्पन्न हुन नसकी कार्यपालिकाको निर्णयले २०८१।०३।१५ सम्म म्याद थप गरिएको छ । हालसम्म उक्त अस्पताल भवन निर्माण कार्य वापत रु.६९८७९८०९।-भुक्तानी खर्च लेखेको छ । यस सम्बन्धी अन्य व्यहोरा निम्न छन्

४५.१ **कर बिजक नभएको:** सार्वजनिक खरिद नियमावली, २०६४ कोनियम ९(२) मा प्रोभिजनल समबाट खर्च भएको आइटमको छुट्टै बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उक्त भवन निर्माण वापत निर्माण व्यवसायी श्रेष्ठ कालीगण्डकी जे.भी, तम्घासलाई दोस्रो रनिङ्ग बिल बापत रु.१६३४१८०७।-भुक्तानी गर्दा इन्स्योरेन्स बापत रु.५८९८२८।-र ल्याव टेष्ट बापत रु.१५८५५९।-समेत गरी रु.७४८३८७।-भुक्तानी गरेकोमा बिमा पोलिसी र ल्याबटेष्टको कर बिजक पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४८,३८७ |

४५.२ **एजविल्ट ड्रइङको भुक्तानीः** उक्त निर्माण व्यवसायीलाई तेस्रो रनिङ बिल बापत रु.१३४१८४५९।-भुक्तानी गर्दा एजबिल्ट ड्रइङ तयारी भनी रु.१५८५५९।-भुक्तानी गरेकोले उक्त निमार्ण कार्य सम्पन्न नहुँदै भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५८,५५९ |

### ४६ **प्रशासकिय भवन निर्माण**

गाँउपालिकाले प्रशासकिय भवन निर्माणको लागि रु..१५३०६५८०५/- को लागत अनुमान तयार गरी निमार्ण व्यवसायी श्रेष्ठ/महादेब/खिम्ती जे.भी,गुल्मीसँग मिति २०७९।०९।१७ भित्र काम सक्ने गरी २०७७।०९।१७ मा रु..८४८११४२०/-को सम्झौता गरेकोमातोकिएको मितिमा कार्यसम्पन्न हुन नसकी २०८०।०३।२५ को कार्यपालिकाको निर्णयले २०८०।०६।३० सम्म म्याद थप गरिएको छ । हालसम्म उक्त प्रशासकिय भवन निर्माण कार्य वापत रु.. ७७६७०८१८।०३ भुक्तानी खर्च लेखेको छ । यस सम्बन्धी अन्य व्यहोरा निम्न छन् ।

४६.१ **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको मूल्याङ्कनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले आइटम नं ३० Providing Laying of ३mm thick (१:१) Cement Punning works ६th running १५०० sq.mt भएकोमा १५४२.३७ बर्ग मिटर परिमाण भुक्तानी भई ४२.३७ वर्ग मिटर प्रतिवर्ग मिटर रु.२०० का दरले रु.८४७४।-बढी भुक्तानी भएकोले असुल हुनुपर्ने ।

| असुल गर्नुपर्ने | ८,४७४ |
|---|---|

४६. **ञन्फाइलर**ः आयकर ऐन, २०५८ मा यस ऐन बमोजिम कर कार्यालयमा दर्ता भएका करदाताले तोकिएको समयावधिभित्र कर चुक्ता प्रमाणपत्र लिई कारोबार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रशासकिय भवन निमार्ण कार्य गरेबापत श्रेष्ठ महादेब खिम्ती जे.भी लाई रनिङ बिल वापत रु..१६३८७४७७।२१ भुक्तानी खर्च लेखेकोमा उक्त फर्मले आ.ब ०७७।७८ देखि हालसम्म पनि कर चुक्ता प्रमाण पत्र नलिएकोले कार्यालयले भुक्तानी दिंदा ध्यानदिनुपर्ने देखिन्छ । साथै लि न्यू लिजा निर्माण सेवा प्रा.लि. रोल्पालाई बहुउद्देश्यीय सभा हल निर्माणको प्रथम रनिङ्ग विल वापत रु.१५५५३१०२।४० भुक्तानी खर्च लेखेकोमा मुल्य अभिबृद्दी कर विवरण नबुझाई हाल सम्म ननफाईलर रहेकोले रु.१२५२५०६।-मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | १२,५२,५०६ |
|---|---|

४७ **वामीकोट परिसरमा मन्दिर निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण व्यवसायीले सम्झौतामा उल्लेखित समयावधिमा निर्माण कार्य गरी सक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मुसिकोट न.पा-८ स्थित वामीकोट परिसरमा मन्दिर निर्माण कार्यको लागि रु.९१७४३०८।-को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्धारा सबैभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी विष्णु निर्माण सेवासँग मिति २०७९।३।५ भित्र निर्माण कार्यसम्पन्न गर्ने गरी मिति २०७८।१।११ मा रु..५९५६४६३।-को सम्झौता गरेकोमा निर्धारित समयावधिभित्र निर्माण कार्यसम्पन्न हुन नसकी मिति २०७९।९।५ सम्म म्याद थप भएकोमा म्याद थप गरेको समयावधिभित्र पनि निर्माण कार्य सम्पन्न हुन नसकी हालसम्म प्रथम रनिङ बिल वापत रु.३४५४१८८।-भुक्तानी खर्च लेखेको छ । यस सम्बन्धी व्यहोरा निम्न छन् ।

**पेश्की जमानत**ः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की लिंदा बाणिज्य बैंकले जारी गरेको पेश्की जमानत राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिम पेश्की जमानत रु.३२४२०००।-को जमानत म्याद समाप्त भएकोले देहाय बमोजिम पेश्की बाँकी रकम रु २१२९९७३।-बाँकी रहेको काम गराई फस्योंट गर्नु पर्ने अन्यथा असुल हुनुपर्ने रकम रु..

| जारी गर्ने बैंक | वापत | रकम | रहेको अवधि | पेश्की बाँकी |
|---|---|---|---|---|
| ग्लोबल आइएमई वैंक, वामीकोट परिसरमा मन्दिर निर्माण | पेश्की जमानत | १९९१००० | २०७९।०३।३२ | ११९१००० |
| ग्लोबल आइएमई वैंक, थामडाँडा छत्र मन्दिर निर्माण | पेश्की जमानत | १२५१००० | २०७९।०३।३२ | ९३८९७३ |
| **जम्मा** | | | | **२१२९९७३** |

| प्रमाण पेश नगरेको | २१,२९,९७३ |
|---|---|

४८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

४८.१

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकीकरण गर्ने सुचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन ।कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यसबर्ष पालिकालाई रु.७४,१८,०००।–वजेट विनियोजन भएकोमा स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायत देहाय अनुसारका ९७ वटा कार्यक्रम सञ्चालन गरी १८१ जनालाई र औसतमा ४८ दिन मात्र रोजगारी उपलव्ध गराई प्रशासनिक खर्चमा रु.२२१६१०।-श्रमिक ज्यालामा रु.६७७७०१४।–सहित रु.६९,९८,६२४।-खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर देहायका वडाहरुमा उल्लेखित योजनाहरु सम्पन्न गरेको जनाएको छ । वेरोजगार पहिचान तथा सोको सुची तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम केन्द्रित हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४८. **क)** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परिचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८.३ख) निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यवन गरेको नपाईएकोले तत्सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८.१ **क)** पालिकाले संचालन गर्ने योजनाहरु. वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी सञ्चालन गर्नुपर्ने देखिन्छ । तर पालिकाले सो अनुसार नगरेको तथा कार्यपालिकाबाट समेत स्विकृत नगरी वडा समितिको सिफारीसमा मात्रै संचालन गर्ने गरेको देखियो । जसले गर्दा कुन कुन वडामा के कति र कस्ता योजनाहरु संचालनमा छन स्वयं पालिका सदस्य तथा कार्यापालिका सदस्य समेत अनविज्ञ रहने अवस्था देखियो । अतः आर्थिक अनुशासन र पारदर्शिताको लागि योजना स्विकृत गरेर मात्र संचालन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **बहुउदेश्यीय सभाहल निमार्ण**

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) मा गाउँपालिका वा नगरपालिकाले बार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,दिगो विकास लक्ष्य प्राप्त गर्न सघाउ पुर्याउने खालका योजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने उल्लेख भएको छ ।पालिकाले वार्ड नं मा बहुउदेश्यीय सभाहल निर्माणको लागि रु.५ करोड ६६ लख ५३ हजारको गुरु योजना तयार गरी पालिकाको चार रोपनी चार आना जग्गा क्षेत्रफलमा ७२५ वर्गमिटर क्षेत्रफल रहेको सभाहल निर्माण गर्नको लागि रु.३६१७७००९।-को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्धारा सबैभन्दा कम कबोल गर्ने निर्माण व्यवसायी न्यू लिजा निमार्ण सेवा प्रा.लिसँग मिति २०८१।१।३० भित्र निर्माण कार्य सक्ने गरी मिति २०७९।१२।२४ मा रु.३४३५२३७२।-को सम्झौता गरी यस आर्थिक वर्षमा निर्माण कार्यवापत रु.१५५५३१०२।-भुक्तानी खर्च लेखेको छ । यस सम्बन्धी अन्य व्यहोरा निम्न छन् ।

४९.१ **दोहोरो लगानीः** पालिकाले यस भन्दा पहिले सभा हल निर्माण वापत रु.. ८०००४८५।-खर्च लेखेको र उक्त सभाहल प्रयोग विहिन अवस्थामा रहेकोमा पालिकाले पुनः सोही प्रकृतिको सभाहल निर्माणको लागि ठूलो लगानी आवश्यक पर्ने रु.३४३५२३७२।-को लागतमा निर्माण हुने वहुउद्देयीय सभाहल निर्माण गर्नको लागि ठूलो लागत आवश्यक पर्ने र उक्त लगानीबाट स्थानीय जनताको जीवनस्तरमा आर्थिक परिवर्तन र आर्थिक वृद्धि हुने सुनिश्चितता देखिँदैन । तसर्थ पालिकाले ठूला योजनामा लगानी गर्दा आवश्यक्ता पहिचान गरेर मात्र योजना छनौट गरी सोही बमोजिम भौतिक संरचना निर्माण गरी योजना कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९.२ **जग्गाको स्वामित्वः** हाल उक्त बहुउदेश्यीय सभाहल निर्माणको लागि डिपिआरमा उल्लेखित संरचना निर्माणको लागि आवश्यक पर्ने जग्गा न्यून रहेको र सबै संरचना बनाउँदा लगभग ९ रोपनी जग्गा क्षेत्रफल चाहिनेमा हाल पालिकासँग ४ रोपनी ४ आना जग्गामात्र रहेको र बाँकी आवश्यक पर्ने जग्गा स्थानीय दाताले दिने प्रतिवद्धता जनाएको भएतापनि हालसम्म आवश्यक पर्ने जग्गा उपलब्ध हुन सकेको देखिएन । पालिकाबाट बन्ने संरचनाको लागि पहिले जग्गाको एकिन गरेर मात्र भौतिक संरचना

निर्माण गर्नुपर्नेमा सो को टुङ्गो नलागी संरचना निर्माण गर्दा लगानी अनुत्पादक हुने खतरा रहने भएकोले पहिले जग्गाको स्वामित्व पालिकाको नाममा भएपछि मात्र भौतिक संरचना निर्माण गर्नको लागि नगरपालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९. **स्रोत सुनिश्चितताः** बहुउदेश्यीय सभाहल निर्माणको लागि आवश्यक पर्ने रु..३ करोड ४४ लाख बजेट हाल प्रदेश सरकारबाट अनुदान प्राप्त हुने भनिएको भएतापनि सो को लागि स्रोत सुनिश्चितता गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

४९. **थप कार्य सम्पादन जमानत लिई ठेक्का स्वीकृतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५(२) मा सार्वजनिक निकायले तयार गरेको लागत अनुमान भन्दा अस्वभाविक उच्च दररेट उल्लेख गरी बोलपत्र स्वीकृत गर्नुपरेमा सम्बन्धित निर्माण व्यवसायीसँग दररेट लिई दररेट विश्वसनिय भएमा कबोल अंकको आठ प्रतिशत थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न निर्माण व्यवसायीले ३०२ को आइटम नं १ मा Site Preparation work with uprooting root को लागत अनुमान रु.१६.५० प्रति वर्गमिटर Earthwork in excavation in soft clay silty soils रु.७५.८१ प्रति घनमिटर र Earth filling १५०/१५० mm प्रति घनमिटर रु.३.५८ रहेकोमा निर्माण व्यवसायीले क्रमशः रु.५०, ४०० र १०० कबोल गरी लागत अनुमानको तुलनामा रु.३२९४८४८।-बढी कबोल गरेको छ । बढी कबोल गरेको सम्बन्धमा पालिकाबाट निर्माण व्यवसायीलाई दररेट विश्लेषण सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धमा मिति २०७९।१२।२२ मा पत्राचार गरेकोमा निर्माण व्यवसायीले उक्त दररेटको सम्बन्धमा जिल्ला दररेटको तुलनामा बजारमा अस्वभाविक रुपमा मूल्यवृद्धि भएको कारण लागत अनुमान अनुसार निर्माण कार्य गर्न नसक्ने कुरा उल्लेख गरेको पाइयो ।उक्त निर्माण व्यवसायीले उच्च मूल्यवृद्धिको मात्र विषय उल्लेख गरेको तर उक्त आइटमको दररेट विश्लेषण पेश नगरेको अवस्थामा नियमावलीको ६५(३) मा निर्माण व्यवसायीले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्न सकिने प्रावधान रहेता पनि बोलपत्र मूल्याङ्कन समितिको सिफारिसमा उक्त बोलपत्र पालिकाबाट स्वीकृत भएको छ । पालिकाबाट उक्त आइटमको अस्वभाविक दररेटलाई नै स्वीकृत गरी कबोल अंकको आठ प्रतिशत हुने रकम रु..१७१२६१८।- कार्यसम्पादन जमानत थप गरी पर्याप्त आधार र प्रमाणको आधारमा मात्र बोलपत्र स्वीकृत गर्नुपर्ने कानूनी व्यवस्था भए पनि पालिकाले बोलपत्र स्वीकृत गरेको छ । पालिकाले तयार पारेको लागत अनुमान रु..७२४८४५।-भन्दा बढी कबोल गरेको कारण पालिकालाई रु.३२९४८४८।-बढी व्ययभार पर्न गएको छ ।

सैद्धान्तिक बेरुजु

४९. **अनुभव तथा प्राविधिक क्षमता संसोधनः** बहुउदेश्यीय सभाहलको लागि आवश्यक पर्ने व्यवसायीको अनुभव तथा प्राविधिक क्षमताको लागत अनुमान पहिले बनाएको लागत अनुमानमा संसोधन गरी स्वीकृत गरिएको पाइयो । लागत अनुमान तयार गर्दाको बेला नै निर्माण कार्यसँग सम्बन्धित आवश्यक पर्ने व्यवसायीको अनुभव तथा प्राविधिक क्षमता एकिन गरेर मात्र बोलपत्र आह्वान गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५० प्राकृतिक श्रोत उत्खनन कार्ययोजना

लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ४ अनुसार प्रत्येक स्थानीय तहले उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र, नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता, भण्डारण वा घाटगद्दी स्थल, बिक्री वितरणको प्रक्रिया, सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार, प्राप्त हुने अनुमानित आम्दानी लगायतका बिषयहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन घाटगद्दी र बिक्री वितरण सम्बन्धी कार्ययोजना बनाउनु पर्ने उल्लेख छ। कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन गरी रु.६४३६४८०।-आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन। समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५१ सुरक्षित नागरीक आवास

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित टिनको छाना छाउने कार्य गर्न विभिन्न वडामा छनौंट भएका २८१ मध्ये आर्थिक बर्ष २०७७।७८ देखि ०७८।७९ सम्म विभिन्न १६३ जना व्यक्तिहरुसँग सम्झौता गरी प्रथम किस्ता वापत १६३ जनाले ३००००।-का दरले रु- ४८९००००।-भुक्तानी गरेकोमा ५६ जना लाभग्राहीले मात्र दोस्रो किस्ता वापत भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरेकोले १०७ जना लाभग्राहीले दोस्रो किस्ता वापतको रकम लिन नआएकोले ती लाभग्राहीको अनुसार प्रथम किस्ता वापत रु.३२१००००।-अनुदान उपलब्ध गराएकोमा बाँकी रहेको किस्ता भुक्तानी लगि निर्माण कार्य सम्पन्न गरी प्राविधिकको कार्यमूल्याङ्कन तथा कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,१०,००० |

## ५२ करकट्टी नभएको

आयकर ऐन, २०५८ को दफा ८८ मा तोकिएको दरमा भाडादर र दफा ८९ मा तोकिएको दरमा अग्रिम आयकर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं ७७।२०८०।०३।२० बाट श्री रुद्रावती प्रा.बि, लुङरुङ, मुसिकोटको विद्यालय भवन निर्माण वापत रु.२४९९९९९.-भुक्तानी गरेकोमा ढुवानी कर रु.२५००।-सामाजिक सुरक्षा कर रु.७११८।-अग्रिम आयकर रु.२४१४०।-समेत रु.३३७५८।-कट्टी नगरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,७५८ |

## ५३ कोटेशनद्वारा निर्माण कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक

आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले नमूना लेखापरीक्षण गर्दा रु.४३०६२८८।-मूल्य बराबरको विभिन्न निर्माण कार्य गर्दा ऐन नियमको व्यवस्था पालना नगरी प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद गरेको देखिएको छ । यसरी नियमावलीको उपरोक्त प्रावधान विपरित सोझै खरिद भएकोले अनियमित देखिएको रु.

| सि.न. | मिति | गो.भौ.न. | कामको विपरण | वडा न. | कन्सट्रकसन कोनाम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ५ | १९/०७/२०७९ | २६ | बाटो मर्मत तथा पहिरोसरसफाई | ७,८ | लेवल अप कन्सट्रकसन | २६६७५७ |
| ६ | १४/०१/२०८० | १९७ | बाटो मर्मत तथा पहिरोसरसफाई | | लेवल अप कन्सट्रकसन | २६२९६३ |
| १४ | १२/०९/२०७९ | ४८ | बाटो मर्मत तथा पहिरोसरसफाई | ५ | एभरग्रिन कन्सट्रकसन | ४१४६३० |
| १६ | १२/०९/२०७९ | ५० | बाटो मर्मत तथा पहिरोसरसफाई | ६ | एभरग्रिन कन्सट्रकसन | ५१६४०१ |
| १७ | २९/०७/२०७९ | ३० | बाटो मर्मत तथा पहिरोसरसफाई | ७,८ | पद्माकन्सट्रकसन | २८३०५९ |
| १८ | २९/०७/२०७९ | ३३ | बाटो मर्मत तथा पहिरोसरसफाई | ७,८ | पद्माकन्सट्रकसन | ४७४७६० |
| २८ | ०७/०७/२०७९ | २१ | बाटो मर्मत तथा पहिरोसरसफाई | ४ | सुर्येदयकन्सट्रकसन | २०३७५७ |
| २९ | २९/०७/२०७९ | २८ | बाटो मर्मत तथा पहिरोसरसफाई | ३,४ | सुर्येदयकन्सट्रकसन | ४६५५७२ |
| ३० | २९/०७/२०७९ | २९ | बाटो मर्मत तथा पहिरोसरसफाई | ३ | सुर्येदयकन्सट्रकसन | २३३९६३ |
| ३३ | ०३/०३/२०८० | ३२८ | बाटो मर्मत तथा पहिरोसरसफाई | ३ | सुर्येदयकन्सट्रकसन | २७९७०९ |
| ३७ | २५/०७/२०७९ | २२ | बाटो मर्मत तथा पहिरोसरसफाई | १ | गाउले निमार्ण सेवा | ४७६०४४ |
| ३८ | २९/०७/२०७९ | २३ | बाटो मर्मत तथा पहिरोसरसफाई | ७,९ | गाउले निमार्ण सेवा | ४२८६७३ |
| **जम्मा** | | | | | | **४३०६२८८** |

| | |
|---|---|
| अनियमित भएको | ४३,०६,२८८ |

## ५४ पूर्व निर्धारित क्षतिपूर्ति

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५%पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले निमार्ण व्यवसायी बिष्णु निर्माण सेवाले वामीकोट परिसरमा मन्दिर निर्माणको कामको म्याद २०७९।९।५ सम्म रहेकोमा उक्त अवधिमा निर्माण कार्यसम्पन्न नभएको र उक्त निर्माण कार्यको हालसम्म म्याद थप समेत नभएकोले सम्झौता रकम रु.५९५६४६३।-को १० प्रतिशत ले रु.५९५६४६।-र थामडाँडा छत्र मन्दिर पूर्वाधार निर्माणको म्याद २०७९।९।३० सम्म रहेकोले तोकिएको अवधिमा निर्माण कार्य नसकेको र उक्त निर्माण कार्यको म्याद थप समेत नभएकोले सम्झौता रकम रु.६२५९८२२।-को १० प्रतिशतले हुने रकम रु.६२५९८२।-समेत कुल रु.१२२१६२८।-पूर्व निर्धारित क्षतिपूर्ति रकम असुल गरी बाँकी निर्माण कार्य सम्पन्न गर्नुपर्ने

| असुल गर्नुपर्ने | १२,२१,६२८ |
|---|---|

५५ **वन पैदावार आय असूल नभएको**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायिक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रीको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असुल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५६ **पशु विमा**

बाख्रा प्रवर्दन कार्यक्रम अन्तर्गत सञ्चालित वितरण गरिएका पशुको जोखिम न्यूनीकरणको लागि पशुको विमा गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले ५०४।२०८०।३।२४ र ५०५।२०७९।०३।२४ बाट क्रमश: सनराइज उद्यमी समुह र उर्लेनी उद्यमी महिला समुहलाई बाख्रा प्रबर्द्धन कार्यक्रम अन्तर्गत ५०% लागत सहभागितामा रु..३००००० /- र २००००० /- गरी रु..५००००० /- -उपलब्ध गराएकोमा वितरण गरिएका बाख्राको विमा गरेको पाईएन, साथै सम्झौतामा उन्नत जातको बाख्रा खरिद गरी वितरण गर्ने भनिएकोमा कालिका पशुपालन तथा कृषि फर्मले जारी गरेको बिलमा बाख्राको जात उल्लेख नभएकोले उन्नत जातको हो वा होइन भन्ने यकिन हुन सकिएन । वितरण गरिएको बाख्राको विमा नगरेको कारणले लगानी जोखिममा रहेको छ । समितिले जोखिम न्यूनिकरणको लागि आधिकारीक ईन्स्योरेन्स कम्पनिबाट पशु विमा गराउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७ **सम्झौता अनुसारको कार्य नभएको**

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ९७ मा खरिद उपभोक्ता समितिले सम्झौतामा उल्लेखित काम सोहि समयमा सम्पन्न गर्नुपर्ने र सो अवधिमा नभएमा सूचकांक तोकिएकोमा सम्झौता भंग हुने उल्लेख छ । कार्यालयले विभिन्न मितिमा उपभोक्ता समितिहरुसँग सम्झौतामा गरी खानेपानी सम्वन्धी कार्य गरेकोमा देहाएका लगायत केहि योजनाहरु तोकिएअनुसारको समयमा कार्य नभई ढिला कार्य गरेकोमा उपभोक्ता समितिलाई भुक्तानी दिएको पाईयो । यसरी तोकएको समयमा कार्य सम्पन्न नगरेकोमा पालिकाले उपभोक्ता समितिहरु.लाई सम्झौता अनुसार कार्यगर्न आदेश दिने गरेको छैन । समयमा कार्य नगरी बर्षान्तमा गर्नाले कामको प्रभावकारीता तथा मितव्ययी नहुने हुदा सम्झौताअनुसार योजनाहरु सम्पन्न गरी सो योजनाबाट सेवा उपभोग गर्ने वातावरण बनाउनुपर्ने देखिन्छ ।

| सि.नं | गो.भौ | योजनाको नाम | लागत अनुमान | सम्झौता मिति | सम्पन्न हुनुपर्ने | सम्पन्न मिति | भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|
| १ | ३२२।०८०।२।३२ | सुखौरा चमेली ओडार कूलो निर्माण | ३८८२६० | २०७९।११।२८ | २०८०।१।३० | २०८०।२।१७ | २७७७२८ |
| २ | | आकासेपुल वारीपारी मो.बा. | ३२५५०५ | २०७९।११।२ | २०७९।१२।३० | २०८०।२।१७ | ३००००० |
| ३ | ४३६।०८०।३।२२ | लुङ्गुङ्ग खेल मैदान उ.स. | २१६२३४ | २०७८।१२।५ | २०७९।१२।३० | २०८०।३।२० | २००००० |
| ४ | ४४१।०८०।३।२२ | करङ्गखोला बसेरी खा.पा. योजना | ५३३५०० | २०८०।२।८ | २०८०।३।१० | २०८०।३।२० | ५५०००० |
| ५ | ४७०।०८०।३।२२ | सामुदायीक सेवा केन्द्र सिम्ले उ.स. | १९९४६१६ | २०७९।१०।९ | २०७९।१२।३० | २०८०।३।२१ | १७९४४९९ |

सैद्धान्तिक बेरुजु

५८ **तलवी प्रतिवेदन**

स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार कार्यरत स्थायी कर्मचारीको सम्वन्धमा तलवी प्रतिवेदन पारीत गरेर मात्रै तलव भत्ता लेख्नुपर्ने व्यवस्था छ । पालिकामा स्वास्थ्य सेवा तर्फ विभिन्न पदमा स्विकृत दरवन्दि ३७ जना रहेकोमा पाईयो । पालिकाले सो वाहेक करारमा ६ जना समेत राखि कार्यरत रहेको पाईयो । पालीकाले सो अनुसार कार्यरत कर्मचारीको तलव भत्ता लगायतको सुविधा खर्च लेख्दा तलवी प्रतिवेदन पारीत गरेर मात्र खर्च लेख्नुपर्नेमा यस बर्ष तलवी प्रतिवेदन पारीत नगरी रु.२९२८८९६४।-खर्च गरेको छ । जसले गर्दा स्थायी कर्मचारी मध्ये कुन कुन कर्मचारी दरवन्दि भित्रको हो र निजले के कति ग्रेड वरावरको सुविधा उपभोग गर्ने हो सो सम्वन्धमा यकिन गर्नसक्ने अवस्था देखिएन । त्यस्तै काजमा कार्यरत कर्मचारीहरु मध्ये कस-कसको दरवन्दि कहाँ हो र निजको तलवी प्रतिवेदन कुन निकायबाट पारीत भएको छ, यकिन छैन । यसरी खर्च गर्ने आधार विना नै खर्च भएको पाईएकोले तलवि प्रतिवेदन पारित गरेर मात्र खर्च गर्नेतर्फ ध्यानदिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **क्याम्पसलाई अनुदान**

५९.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माध्यामिक विद्यालयको शिक्षा क्षेत्रमा कार्यहरु गर्नसक्ने उल्लेख छ ।तर पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिर रुद्रवती बहुमुखी क्याम्पसको नाममा रु.१५०००००।–वजेट विनियोजन गरी गो.भौ.४३८।०८०।३।२२ बाट रु.१२०००००।–र गो.भौ.४६३।०८०।३।२३ बाट रु.३०००००।–निकासा दिएको छ । पालिकाले ऐनले तोकेको क्षेत्राधिकार भन्दा बाहिर खर्च गरेको तथा क्याम्पसको कार्यसंचालनको लागि निकासा दिएको रकम रु.७०००००।–असूल हुनुपर्दछ, रु.

| असुल गर्नुपर्ने | ७,००,००० |
|---|---|

५९. **क)** पालिकाले रुद्रवती बहुमुखी क्याम्पसको नाममा रु.१५०००००।–वजेट विनियोजन गरेको मध्ये रु.८०००००।- क्याम्पसको पूर्वाधार निर्माणमा निकासा दिएको छ । यसरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) ले तोकेको क्षेत्राधिकार वाहिर खर्च गर्न निकासा दिएको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ८,००,००० |

६० **जनजागृती क्लवलाई भुक्तानी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । स्थानीय साथै दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने र सोहि अनुसारको कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले बार्षिक कार्यक्रममा नपरेको वडा नं-५ स्थित नवजागृती क्लवको २०८०।३।१८ को निवेदन अनुसार नगर प्रमुखको तोक आदेश अनुसार निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार खर्च शिर्षकब र गो.भौ.४५९।०८०।३।२३ बाट रु.१५००००।–भुक्तानी गरेको छ । यसरी वजेटमा नपरेको तथा कार्यपालिकाको निर्णय बेगर बर्षान्तमा भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | १,५०,००० |

६१ **बर्षान्तमा दरभाउपत्र कार्य**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकिए अनुसारको बार्षिक कार्यक्रम र अवधीमा सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले बर्षान्तमा देहाय अनुसारको विभिन्न कार्यहरु. दरभाउपत्र मार्फत गरेकोमा फर्महरुसँग सम्झौता समेत गरेको छैन । यसरी बर्षान्तमा कार्य गर्ने गराउने हुँदा कामको गुणस्तर नहुने तथा प्रतिशपर्धा समेत नदेखिने हुदा तोकिएको समयमा र प्रतिशपर्धाको माध्यमबाट गर्नुपर्ने देखिन्छ ।

| सि.नं | योजनाको नाम | खरीद फर्म | लागत अनुमान | सम्पन्न मिति | मूल्याङ्कन रु. |
|---|---|---|---|---|---|
| 1. | शेरा जनज्योती प्रा.वि.मो.बा. | लेवल अप कंस्ट्रक्सन एण्ड स. | १९९४९७ | २०८०।२।३ | १९८१०१ |
| 2. | निस्ती-दलुङ्ग-कस्तप-पिपलबोट | | १३००६३ | २०८०।१।८ | १४६९०२ |
| 3. | भञ्जाङ्ग-जलुकी-थुम्का-संकोल मो.बा. | सूर्योदय कंस्ट्रक्सन | २९३७४७ | २०८०।२।३२ | २९३७४७ |
| 4. | खोलापानी-धतमपानी मैदान लिफ्टिङ्ग | सायरा ट्रेडर्स | २८१८५० | २०८०।३।१९ | २८१८५० |
| 5. | चित्रुङ्गखोला-पिपलारु.ख मो.बा. | वडिगार्ड कं.प्रा.ली. | २६६७८४ | २०८०।३।२० | १९६३१५ |
| 6. | हाँडिखोला-सेदाल चौतारी-अर्मजा धुसेनी मो.बा. | वडिगार्ड कं.प्रा.ली. | ४३३५५१ | २०८०।३।१९ | ३८३०६९ |
| 7. | नेटा-मनकामना-टोड्के-पिपलरु.ख-हलोगाडे मो.बा. | सूर्योदय कंस्ट्रक्सन | ६२९८७२ | २०८०।३।२० | ६२४४५३ |
| **जम्मा** | | | | | **२१२४४३७** |

सैद्धान्तिक बेरुजु

६२ **आय ठेक्का**

स्थानिय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानिय तहले आफ्नो क्षेत्र भित्र रहेका प्राकृतिक नदीजन्य पदार्थको विक्री वितरण गरी आन्तरीक आम्दानी प्रात गर्नु पर्ने व्यबस्था रहेको छ । पालिकाले विभिन्न नदीखोलाबाट नदीजन्य पदार्थको विक्रि वितरणको लागि उत्खनन गर्न सकिने परिमाण र उक्त नदिजन्य पदार्थबाट न्यूनतम राजस्व कायम गरी २ पटक बोलपत्र आव्हान गरेकोमा सो ठेक्का नलागेको र पालिकाले अमानतबाट समेत विक्री वितरण तर्फ पहल नभएको पाइयो ।आफ्नो क्षेत्रमा पर्ने नदीजन्य पदार्थको विक्री वितरण गरी पालिकाले आन्तरिक आय बढाउनु पर्दछ ।

| सि.नं. | बोलपत्र नं. | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम बोलपत्र रकम |
|---|---|---|---|
| १ | MMHC१/RMRC/०१/२०७९-०८० | १६१७६।६० | ३५७८८९३।८१ |
| २ | MMHC३/RMRC/०३/२०७९-०८० | १४८९९।५० | ३२९६३४९।५६ |

सैद्धान्तिक बेरुजु

६३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले कर्मचारी तथा संस्थालाई दिएको

पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.४०००००।-बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.४०००००।-फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु...

| भौ.नं. | मिति | कार्यक्रम | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|---|
| ४४(०७९/८०) | २०८०.०३.१८ | विपदको लागि बजेट व्यवस्थापन | रुपा दर्लामी | ४,००,००० |
| | | | | |
| **जम्मा** | | | | **४,००,०००** |

| पेश्की | ४,००,००० |
|---|---|

## ६४ शिक्षा शाखाको दरवन्दी

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० मा स्थानीय तथा प्रदेश सरकारले ससर्त अनुदानमा हस्तान्तरित कार्यक्रम र बजेटलाई आफ्नो नीति, कार्यक्रम एवम् बजेटमा अनिवार्य रुपले समावेश गर्ने उल्लेख छ । उक्त कार्यक्रमहरु. भुक्तानीमा दोहोरोपन नहुने गरी आवश्यकता अनुसार आफ्नो स्रोतबाट बजेट थप गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने र सोको कार्यान्वयन, अनुगमन र प्रतिवेदन गर्ने जिम्मेवारी प्रमुख प्रशासकिय अधिकृतको हुने उल्लेख छ । पालिकाबाट शिक्षातर्फको कार्यक्रम कार्यान्वयनको लागि छुट्टै दरवन्दि रहेकोमा सोको पदपूर्ति तर्फ ध्यान नदिई एकजना विद्यालय शिक्षकलाई काजमा पालिकामा राखि कार्यक्रम संचालन गर्नेगरेको देखियो । जसले गर्दा तोकिएको जिम्मेवारी पुरा गर्न शिक्षकहरु असमर्थ हुने देखिएकोले दरवन्दि अनुसारको कर्मचारी पूर्तिको लागि पहल गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ६५ बेरुजु लगत

नगरपालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । निम्नानुसार बेरुजु लगतका लागि स्वीकृत भएका म.ले.प फारामको व्यवस्था गरेको पाईएन ।

 म. ले. प. फाराम, ८०१ बेरुजु लगत नराखेको,

 .ले. प. फाराम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन तयार नगरेको,

 म. ले. प. फाराम ८०५, सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ६६ पाठ्यपुस्तक वितरण

६६.१ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।८० को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम पाठ्यक्रम विकास केन्द्रबाट स्विकृत दरमा अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०८० बैशाखको विद्यार्थी भर्ना विवरण,

पाठ्यपुस्तक खरिदको स्थिति र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार निकासा दिनुपर्नेमा शत् प्रतिशत नै गो.भौ २२०।०८०।३।५ बाट रु.३८०९५९०।-र दुई विद्यालयको छुट निकासा गो.भौ.२२६।०८०।३।८ बाट रु.८३६७३।–गरी जम्मा रु.३८९३२६३।-विभिन्न विद्यालयहरुलाई मागका आधारमा निकासा दिएको पाईयो । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

सैद्धान्तिक बेरुजु

६६.**क)** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम पाठ्यक्रम विकास केन्द्रबाट स्विकृत दरमा अनुदान दिने ऊल्लेख छ । साथै पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको पाठ्यपुस्तकको दररेटमा ऐच्छिक पुस्तकको हकमा प्रतिपेजको दररेट तोकेको छ । तर पालिकाले विद्यालयहरुलाई पुस्तकको रकम निकासा दिंदा कुन कुन पुस्तक के कति पेज र मूल्यका थिए सोको अभिलेख बेगर नै देहायका विद्यालयहरुलाई निम्नानुसारको रकम निकासा दिएको छ । सो निकासा सम्वन्धमा यकिन हुन सकिएन, सो सम्वन्धमा सुधार हुनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६६.**ख)**विद्यार्थी संख्यामा फरकः नेपाल सरकारको शिक्षा नीति अनुसार आधारभूत तहमा विद्यार्थीहरुलाई ग्रेडिङ्ग गरी स्तर वृद्धि गर्ने रहेको छ । तर पालिकाको IEMIS मा शैक्षिक बर्ष २०७९ मा कक्षा १ मा रहेकोमा शैक्षिक बर्ष २०८० मा कक्षा २ मा जाने विद्यार्थिहरु अस्वाभाविक रुपमा घटेको देखाएको छ । विद्यालयहरुले प्रत्येक बर्ष बालविकासको अधिकांश विद्यार्थीहरुलाई कक्षा १ मा देखाउने र अर्को बर्ष पुनः सोहि विद्यार्थिहरुलाई कक्षा १ मा देखाउने गरेको पाईयो । जसले गर्दा अगाडिको बर्षको कक्षा १ को विद्यार्थी कक्षा २ मा देखिने गरेको पाईएन । पाठ्यपुस्तक, छात्रवृत्ति लगायतको सुविधा उपभोग गर्ने प्रयोजनले IEMIS मा बालविकासको विद्यार्थीहरु देखाउने प्रवृत्तिले विद्यालयले अधिक विद्यार्थी देखाएकोले वास्तविक विद्यार्थीहरु देखाउनेतर्फ पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ६७ **दिवा खाजा**

६७.१कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडी विद्यालयहरुमा कक्षा ६ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो, तेस्रो र चौथो त्रैमासिक निकासा दिंदा पहिलो त्रैमासिक निकासा दिएको रकमको सदुपयोगको स्थिति समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष दिवा खाजाको लागी विभिन्न ७१ विद्यालयहरुमा प्रथम किस्ता गो.भौ.६६।०७९।९।१४ बाट रु.३३६२१८०।–दोस्रो किस्ता गो.भौ.६९।०७९।९।१७ बाट रु.३१६७५७८।-तेस्रो किस्ता निकासा गो.भौ.१७४।०८०।१।३१ बाट रु.४६१०२४५।–र चौथों किस्ता गो.भौ.२१०।०८०।२।२८ बाट रु.२८६७०७०।-गरी जम्मा रु.१४००७०७३।-विद्यालयहरुलाई निकासा दिएको पाईयो । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छ ।

सैद्धान्तिक बेरुजु

६७. **क)** कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवाखाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरु. स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विलभरपाई सुरक्षित रु.पमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउनेउल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६८ **विद्यालयलाई लाईब्रेरी व्यवस्थापन**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं ९.५ मा विद्यालयलाई लाईब्रेरी व्यवस्थापनको लागि विद्यार्थि संख्या उच्च रहेका, विगत बर्षहरुमा अनुदान नपाएका, पुस्तकालय व्यवस्थापनको लागि आवश्यक कक्षाकोठा र भौतिक पूर्वाधार रहेका र पुस्तकालय नरहेका माध्यमिक विद्यालयलाई प्राथमिकतामा राखि आवश्यकता अनुसार आधारभूत विद्यालयहरुलाई समेत एकमुष्ठ रु.६५००००।-निकासा दिने व्यवस्था छ । त्यस्तैस्थानिय तहले इन्टरनेटको पहुँच भएका तथा विधुतको नियमित आपूर्ति भएका विद्यालयहरुबाट प्रस्तावको आधारमा विवरण संकलन गर्नुपर्ने व्यवस्था छ । माध्यमिक तहमा अंग्रेजी र विज्ञान बिषय पढाईरहेका, कम्प्युटर ऐच्छिक विषयको रुपमा अध्यापन गराईरहेका एवं शिक्षकले ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहितको प्रस्ताव समेत विद्यालयहरुबाट संकलन गरी प्राथमिकिकरणका आधारमा पालिकाबाट विद्यालय छनौट गर्ने उल्लेख छ । यसरी छनौट भएका विद्यालयले आवश्यक सामान खरीद गर्दा नमूना विद्यालय संचालन निर्देशिका, २०७४ र सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा देहायका विद्यालयलाई देहायको प्रयोजनमा निकासा दिएकोमासो छनौटको स्पष्ट आधार देखिएन । साथै निम्नानुसारको कार्य गर्दा विद्यालयले सार्वजनिक खरीद ऐन अनुसार गर्नुपर्नेमा सो अनुसार गरे नगरेको स्पष्ट नभएको र विद्यालय जिन्सी खातामा दाखिला भए नभएको समेत प्रमाण पेश हुन आएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको सूचकको आधारमा निर्णय प्रकृया गरेको प्रमाण, स्पेशिफिकेसन तथा सम्झौता वमोजीमको कार्य भएको अनुगमन समितिको प्रतिवेदन साथै विद्यालयले समेत सार्वजनिक खरीद ऐनको परीधी अनुसार खरीद गरेको साथै पालिकास्तरीय अनुगमन समितिबाट अनुगमनको प्रमाण पेश हुने, रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,५०,००० |

६९ **शिक्षण सहयोग**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं २.७.१३.४० मा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी

र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| **सि.नं** | **विद्यालय** | **शिक्षक दरवन्दी** | **शिक्षक अनुदान** | **विद्यार्थि संख्या** | **अनुदान रकम** | **कैफियत** | |
|---|---|---|---|---|---|---|---|
| १ | जनज्योति मा.वि. | पालिकाबाट १ जना | २ | २७ | ७५२२०२ | कक्षा ९-१० | |
| २ | नेपाल राष्ट्रिय त्रिभुवन मा.वि. | पालिकाबाट १ जना | २ | ४९ | ५०१४६८ | कक्षा ९-१० | |
| ३ | खस्थ्योक मा.वि. | पालिकाबाट १ जना | २ | २७ | ७५४७३५ | कक्षा ९-१० | |
| ४ | जनजागृति मा.वि. | पालिकाबाट १ जना | २ | ३६ | ८३५७८० | कक्षा ९-१० | |
| ५ | ददल्का मा.वि. | पालिकाबाट १ जना | २ | १४ | ९११७६० | कक्षा ९-१० | |
| ६ | पेगा नि.मा.वि. | पालिकाबाट १ जना | १ | ४६ | १९७३३८ | कक्षा ६-८ | |
| ७ | जनता नि.मा.वि. | पालिकाबाट १ जना | १ | १८ | १४७०३८ | कक्षा ६-८ | |
| ८ | पशुपति नि.मा.वि. | पालिकाबाट १ जना | २ | ३७ | ३१००७६ | कक्षा ६-८ | |
| ९ | ज्ञानज्योति नि.मा.वि. | दरवन्दि १ र पालिकाबाट १ जना | १ | ३५ | १५५०३८ | कक्षा ६-८ | |
| १० | छत्र नि.मा.वि. | पालिकाबाट १ जना | १ | ३७ | २७५८३८ | कक्षा ६-८ | |
| **जम्मा** | | | | | **४८४१२७३** | | |

सैद्धान्तिक बेरुजु

७० **राष्ट्रिय शिक्षा नीतिको पालना**

७०.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याश्ङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्।

 सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।

 मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

 अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।

 प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७०.२ **क)** गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७०.३ **ख)** राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

 निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।

 मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

 निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।

 शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।

 अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **समानिकरण वजेटबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका र विद्यार्थि संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई शिक्षक विद्यार्थी अनुपात वेगर तथा दरवन्दि मिलान वेगर पालिकाले प्रा.वि. मा रु.१५०००।–का दरले १ जना, नि.मा.वि. रु.१८०००।–का दरले ७ जना, मा.वि.मा रु.२२५००।–का दरले ६ जना र उ.मा.वि.मा रु.३००००।–का दरले २ जनाको हुने बार्षिक कूल रु.५१५४०००।-तलब भत्ता भुक्तानी गरेको पाईयो । यसरी स्वीकृत दरबन्दीभित्र नपरेका तथा शिक्षक विद्यार्थि अनुपात वेगर र दरवन्दि मिलान वेगर न्युन विद्यार्थि रहेको विद्यालयमा अनुदान खर्च लेखेको रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ५१,५४,००० |

७२ **सेनीटरी प्याड खरीद**

७२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।पालीकाले नियमावलीको व्यवस्था अनुसार र सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ को दफा ३(४) को अनूसूची १ अनुसार तोकिएको २४०mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mmको साईजको सेनीटरी प्याड खरीदको लागि रु.१६७२०००।–को लागत अनुमान तयार गरी तोकिएको साईज वेगरको २०९०० सेनिटरी प्याड शिलवन्दि दरभाउपत्रको माध्यनबाट एन्जल टच हाईजिन म्यानुफ्याक्चरीङ्गबाट प्रति प्याड रु.८०।–को दरले हुने रु.९३८७७५।–को खरीदगरी गो.भौ.१९२।०८०।२।१७ बाट भुक्तानी गरेको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन ।

 

सैद्धान्तिक बेरुजु

७२.**क)** सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ को दफा ३(४) को अनूसूची १ अनुसार २४०+- २० mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mmको साईजको सेनीटरी प्याड खरीद गर्नुपर्ने उल्लेख छ । पालिकाले सो अनुसारको प्याड खरीद नगरी ३०० +- २० mm को साईजको प्याड खरीद गरेको छ । पालिकाले खरीद गरेको सो प्याड विद्यार्थिहरुको लागि अनुकूल साईजको देखिदैन भने लक्षित समुहले प्रयोग गर्नबाट वञ्चित हुनुपर्ने देखिन्छ । त्यस्तै विद्यार्थिहरुले सम्वन्धित शैक्षिक शत्रमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको चौंथो त्रैमासिकमा मात्रै खरीद गरेकोले उक्त सामाग्री सम्वन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । यस्ता सामाग्री शैक्षिक सत्र सुरु हुँदाको समयमा नै तोकिएको साईजमा खरीद गरी बर्षभरी नै उपयोग हुनुपर्दछ । अतः पालीकाले लक्षित विद्यार्थीहरुलाई सुविधा उपभोगको वातावरण सृजना गर्नुपर्नेतर्फ धयान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७३ **लघु उद्यम कार्यक्रम**

७३.१गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका, २०७७(मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न कार्यक्रमको लागि यस बर्ष रु.२५६००००।-रकम विनियोजन र खर्च गरेको पइईयो । पालिकाले यस बर्ष विनियोजित रकम रु.३००००००।–बाट तोकिएअनुसारको नयाँ तालिम ९३ जनालाई निरन्तरता तर्फ प्रविधी हस्तान्तरण १९ जनालाई दिई रु.२९२६११०।–खर्च गरी देहाय अनुसारको प्राविधिक सिपमूलक तालीम संचालनको साथै प्रविधी हस्तान्तरण समेत गरेको छ । गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पालिकाले अनुगमन गर्नुपर्दछ ।

| क्र.स. | तालिमको नाम | तालिम संचालन मिति | सहभागी संख्या | प्रविधि हस्तान्तरण | तालिम खर्च बजेट रु. |
|---|---|---|---|---|---|
| १. | कटा ्इ सिला ्इ तालिम | ०७९/११/१९-०८०/०२/१९ सम्म(३ महिना) | १६ जना | सिला ्इ मेसिन सेट -९ वटा | २६७१९५ |
| २. | डलकुशन तालिम | ०८०/०१/०७-०८०/०१/२१ सम्म(१५ दिन) | ९ जना | | ११७६६० |
| ३. | मुडा बनाउने तालिम | ०८०/०२/३०-०८०/०३/०७ सम्म(१० दिन) | १३ जना | | ५३८४८ |
| ४. | ब्यूटिपार्लर तालिम | ०७९/१२/१०-०८०/०१/११ सम्म(१ महिना) | १७ जना | | १५६४०० |
| ५. | कटा ्इ सिला ्इ तालिम | ०७९/११/१८-०८०/०२/१८ सम्म(३ महिना) | ११ जना | सिला ्इ मेसिन सेट -९ वटा | २३७९०५ |
| ६. | च्याउ खेती तालिम | ०७९/०९/१७-०८०/०९/१९ सम्म(३ दिन) | १४ जना | | ४२६१० |
| ७. | पोस्कर ब्याग तालिम | ०८०/०२/१६-०८०/०३/०३ सम्म(२० दिन) | १३ जना | | १०८०८० |
| **जम्मा** | | | **९३ जना** | **१८ वटा** | **९८३६९८** |

सैद्धान्तिक बेरुजु

७३. **क)** गरीवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम आवश्यकताको आधारमा पुनर्ताजगी र एडभान्स सिप विकास तालीम कार्यक्रमको लागि रु.४८००००।–विनियोजन गरीएको पाईयो । सो रकमबाट पालकाले गत बर्ष तालिम लिएका उद्यमीहरुलाई पुनर्ताजगी सम्वन्धी तालिम प्रदान गर्नुपर्ने देखिन्छ । तर पालिकाले सो तालिम नगरी देहाय अनुसारको प्रविधी हस्तान्तरण गरेको जनाई विभीन्न गो.भौबाट रु४०७३५०।–खर्च गरेको छ । पालिकाले तालिमसंचालन गरी निजहरूलाई नै प्रविधी हस्तान्तरण गर्नुपर्नेमा सो अनुसार गरेको नपाईएकोले आगामी दिनमा सो तर्फ ध्यान दिनुपर्दछ ।

| क्र.स. | प्रविधि हस्तान्तरण स्थान | प्रविधि हस्तान्तरण मिति | प्रविधि हस्तान्तरण संख्या |
|---|---|---|---|
| १ | मुसिकोट नगरपालिका -३ | २०७९/१२/२२ गते | सिला ्इ मेसिन सेट- ४ वटा |
| २ | मुसिकोट नगरपालिका -४ वडा गाउ | २०७९/१२/२२ गते | सिला ्इ मेसिन सेट- ८ वटा |
| ३ | मुसिकोट नगरपालिका -७ | २०७९/१२/२४ गते | सिला ्इ मेसिन सेट- ४ वटा |

| अनियमित भएको | ४,०७,३५० |
|---|---|

## ७४ अग्रीम आय कर

आयकरऐन २०५८ को दफा ८८ ले लगानी प्रतिफल,शेवाशुल्क तथा भाडा भुक्तानी र दफा ८९मा ठेक्का वा करारको भुक्तानी गर्दा तोकिएको दरले श्रोतमानै कर कटाई भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले देहायका विभिन्न पदाधिकारीहरुवाट कार्य गराएकोमा ऐनको उक्त व्यवस्था वमोजिम अग्रीम आय कर कट्टा गरेर मात्रै सम्वन्धित हरुलाई भुक्तानी दिनुपर्ने देखिन्छ । तर पालिकाले कट्टा गरेको नपाइएकोले सम्वन्धितवाट असुल गरी राजश्व दाखिला हुने रु

| सि.नं | गो.भौ | नाम।पद।फर्म | कार्यक्रम | कट्टा हुनुपर्ने | कट्टा रकम | कम कट्टा रु. |
|---|---|---|---|---|---|---|
| १ | १९८।०८०।२।२६ | नन्दिता बुढाथोकी | मेडपा | ३३७५ | ३३८ | ३०३७ |
| २ | बिभिन्न | कमला नेपाली | मेडपा | १३५०० | ९०० | १२६०० |
| ३ | बिभिन्न | तारा रेशमी सिंह | मेडपा | १३५०० | ९०० | १२६०० |
| ४ | बिभिन्न | अञ्जली पुन सराङ्कोटी | मेडपा | ४५०० | ३०० | ४२०० |
| **जम्मा** | | | | | | **३२४३७** |

| असुल गर्नुपर्ने | ३२,४३७ |
|---|---|

## ७५ म. ले. प. फारामले तोके बमोजिमको आन्तरिक नियन्त्रण पद्वति

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरेको छैन ।

 म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

 म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,

 म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको

अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ७६ पिँढी सुधार कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाणित पुष्टायाईको तथा खर्चको बिल भरपाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। पालिकाको पिँढी सुधार कार्यक्रम अन्तर्गत वडा नं. ६ स्थित ११ घरधुरीको पिँढी मर्मत तथा सुधार वापत रु. २,५०,०००।– पिँढी सुधार कार्यक्रम उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा वडा समितिबाट सो घर धुरीको संख्या र नाम खुल्ने गरी

भएको निर्णय र कार्यादेश नभएकोले छनौटको आधार स्पष्ट हुन सकेन र साथै निर्माण सम्पन्न पश्चातको नामावली सहितको वडाको सिफारिस र कार्यसम्पन्न प्रतिवेदन पेश भएको देखिएन । पालिकाले आवश्यक कागजात संलग्न गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ७७ खोर सुधार तथा व्याड बोका र विर वितरण

यस पालिकाको खोर सुधार कार्यक्रम अन्तरगत पालिका र कृषक बिच भएको सम्झौतामा प्रस्ताव बमोजिमको कार्यसम्पन्न गरेपछि पेश गर्ने विल भरपाई र प्रतिवेदन पछि कर कट्टी गरी रकम भुक्तानी गरिने उल्लेख गरिएको छ । साथै कार्यक्रमको प्रस्तावनामा विर खरिद गर्दा कम्तिमा ३५ के.जी. माथि प्रजननयोग्य हेम्पसायर जातको हुनुपर्ने र बोका खरिद गर्दा कम्तिमा २५ के.जी. माथि जमुनापारी जातको हुनुपर्ने प्रावधान रहेको छ । तर निम्नानुसारको कृषकहरुले विर र बोका खरिद गर्दा विलमा सोको जात र तौल नखुलाइएको र विमा समेत नभएको एवं खोर सुधार निर्माणको प्राविधिकले नापजाँच गरी कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले विर र बोकाको जात र तौल खुल्ने गरी भेटेनरीबाट प्रमाणित गराई खोर निर्माणको कार्यसम्पन्न प्रतिवेदनको प्रमाण पेश गर्नपर्ने रु.

| सि.नं. | कार्यक्रम | फार्मको नाम | अनुदान रकम |
|---|---|---|---|
| १ | व्यवसायिक वंगुर फर्मलाई खोर सुधार तथा व्याडका लागि विर वितरण | ईसान कृषि तथा पशुपालन फार्म | ५०००० |
| २ | व्यवसायिक बाख्रा फर्मलाई खोर सुधार तथा व्याडका लागि बोका वितरण | साकुरा बाख्रापालन समुह | ५०००० |
| ३ | व्यवसायिक बाख्रा फर्मलाई खोर सुधार तथा व्याडका लागि बोका वितरण | गंगा कृषि तथा पशुपंक्षी | ५०००० |
| ४ | व्यवसायिक बाख्रा फर्मलाई खोर सुधार तथा व्याडका लागि बोका वितरण | झक्कले एग्रो टुरिजम | ५०००० |
| **जम्मा** | | | **२०००००** |

| प्रमाण पेश नगरेको | २,००,००० |
|---|---|

## ७८ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरु. निम्नानुसार छन् :

७८.**भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको ब्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा भत्ता दाखिला गर्न पहिलो त्रैमासिकको भत्ता २०७९।०६।०७ गते, दोस्रो त्रैमासिकको भत्ता २०७९।१०।०१ गते, तेस्रो त्रैमासिकको भत्ता २०८०।०१।०७ गते र अन्तिम चौथो त्रैमासिकको भत्ता २०७९।०३।०३ गते बैंकमा निकासा गरेको देखिन्छ ।

नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र रकम बैंकमा पठाएको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७८. **हिसाब मिलानः** सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामार्फत भुक्तानीको लागि कार्यालय र बैंक बिच भएको सम्झौता बमोजिम बैंकबाट लाभग्राहीको खातामा जम्मा भई बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ । बैंकले विभिन्न त्रैमासिकको रकम भुक्तानी समयमै फिर्ता गरी कार्यालयले आम्दानी जनाएको पाइएन । आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो । सम्झौता कार्यान्वयनमा जिम्मेवार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७९ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी सहायक चौथो श्री तिलक बहादुर राकसकोटीको २०६७।७७ को छुट तलव जम्मा रु.१,५५,७१०।-भुक्तानी दिएको छ। ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८० **राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथा स्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा पनि ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न सक्ने व्यवस्था रहेको छ।पालिकाको निम्नानुसारको नदीजन्य पदार्थको आय ठेक्काको सम्झौता बमोजिम देहायका निर्माण व्यवसायीहरु.ले कबोल अंकको विभिन्न किस्ता रकम समयमा दाखिला गर्नुपर्नेमा सो गरेको पाइएन । यसरी ढिला हुने गरी राजस्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने रु.

| सि.नं. | ठेक्का | निर्माण व्यवसायी | किस्ता | रकम | सम्झौता अनुसार दाखिला गर्नुपर्ने मिति | दाखिलाभएको मिति | दाखिला रकम | जरिवानाप्रतिशत | जरिवानारु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | निस्दी लसाहा ठुला पहिरो पेगा क्षेत्र | त्रिवेणी कन्स्ट्रक्सन | दोस्रो | १५६४२० | २०७९ फागुन मसान्तसम्म | २०८०।०१।२५ | १५६४२० | १०.०० | १५६४२ |
| | | | तेस्रो | १०४२०० | २०८० वैशाख मसान्तसम्म | २०८०।०२।१९ | १०४२०० | १०.०० | १०४२० |
| २ | इन्द्रेगौडा तथा झक्कले क्षेत्र | सुयसा कन्स्ट्रक्सन | दोस्रो | ८३६७७१ | २०८० वैशाख मसान्तसम्म | २०८०।०२।०१ | ६८६८१५ | - | - |
| | | | | | | २०८०।०३।२१ | ७५००० | १०.०० | ७५०० |
| | | | | | | २०८०।०३।२९ | ८५००० | १०.०० | ८५०० |
| ३ | झेदी, सुदि वरिपरि | एच टि निर्माण सेवा | दोस्रो | १२९२०७२ | २०७९ फागुन मसान्तसम्म | २०७९।१२।०१ | ८००००० | - | - |
| | | | | | | २०८०।०१।३१ | २५०००० | १०.०० | २५००० |
| | | | | | | २०८०।०२।२३ | १८०००० | १०.०० | १८००० |
| | | | तेस्रो | ८६१३८१ | २०८० वैशाख मसान्तसम्म | २०८०।०२।२८ | ५००००० | १०.०० | ५०००० |
| | | | | | | २०८०।०२।३२ | २००००० | १०.०० | २०००० |
| | | | | | | २०८०।०३।२८ | २२४००० | १०.०० | २२४०० |
| **जम्मा** | | | | | | | | | **१७७४६२** |

| असुल गर्नुपर्ने | १,७७,४६२ |
|---|---|

८१ **म्याद ननाघेको पेश्की**

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्षदेहाय बमोजिमकोकार्यक्रममानिम्न निकाय, व्यक्ति तथा संस्थालाई रु.७६२७९७३।-पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्योट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| **भौ.नं.** | **मिति** | **कार्यक्रम** | **पेश्की लिनेको नाम** | **पेश्की रकम** |
|---|---|---|---|---|
| १७(०७९/८०) | २०७९.११.०४ | वडा न ४ स्वास्थ्य चौकी भवन निर्माण | जि आर एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि | ११,६५,००० |
| १८२ र १८४(०७९/८०) | २०८०.०१.०४र २०८०.०१.०६ | बहुउद्येश्यीय सभाहल निर्माण वडा न ७ वामिटक्सार | न्यु लिजा निर्माण सेवा प्रालि | ४३,३३,००० |
| **जम्मा** | | | | **५४६६०००** |

सैद्धान्तिक बेरुजु

## अनुगमन लेखापरीक्षण

८२ अनुगमन तथा सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्योट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु.५७३०५०००।- मध्ये आ.व. २०७८।७९ को रु.१६६४१०३३।- नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत र आ.व. २०७६।७७ को १०६८११६।- म्यानुअल मार्फत गरी जम्मा रु.१७७०९१४९।- को फर्स्योट गरी सम्परीक्षणका लागि अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**आ.व. २०७६।७७ को म्यानुअल सम्परीक्षण**

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७६।७७ | ७० | विद्यालयलाई अनुदान दिएकोमा लागत अनुमान विलभरपाई र प्राविधिक मुल्यांकन पेश नभएको | | १०५०००० | | | १०५०००० |
| २ | २०७६।७७ | ४० | नरखोला लोलाङ्गदी लिफ्ट खा.पा. योजनाको अनुपातिक कट्टी नगरी भुक्तानी | १८११६ | | | | १८११६ |
| जम्मा | | | | १८११६ | १०५०००० | | | १०६८११६ |

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **मुसिकोट नगरपालिका, गुल्मी** को २०७९।८० सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju | यो वर्ष कायम बेरुजू(C) beruju | संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju |
|---|---|---|---|---|---|
| १ | ५७३०५००० | १६६४१०३३ | ३८६०५९५१ | ० | ७९२६९९१८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : मुसिकोट नगरपालिका, गुल्मी , मुसिकोट नगरपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खिमानन्द भुसाल | २०७८-४-१ | २०७९-४-१९ |
| कार्यालय प्रमुख | राकेश पाण्डे | २०७९-४-२५ | २०७९-५-२६ |
| कार्यालय प्रमुख | विनोद कुँवर | २०७९-५-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बालकृष्ण गौतम | २०७८-९-५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,३३२,३१८ | २२,०७०,४६६ | १३,८०३,१६७ | ० | ० | ४००,००० |
| | | | | **जम्मा बेरुजु रकम** | ३८,६०५,९५१ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | १,९००,८९९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५३१३५४२५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५०३८१००५१ | चालु खर्च | ४०३८७८०७९ |
| प्रदेश सरकारबाट अनुदान | ४३८९९९५९ | पूँजीगत खर्च | २१२२९५३३४ |
| राजश्व बाँडफाँट | ९९१८२७८२ | वित्तीय/अन्य व्यवस्था | २६५१०८५५२.५ |
| आन्तरिक आय | १४६५८८६९ | | |
| अन्य आय | २१८३१३७१६.५ | | |
| कुल आय | ८७९८६५३७७.५ | कुल खर्च | ८८१२८१९६५.५ |
| बाँकी मौज्दात | | ५१७१८८३७ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ |
| २ | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| ३ | तालिम र कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |
| ४ | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| ५ | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| ६ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| ७ | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| ८ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| ९ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| १० | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । | ११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| ११ | शिक्षा तर्फ | शिक्षा तर्फ |
| १२ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |

## बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची -३

**एकीकृत वित्तीय विवरण-**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ५३१३५४२५ | १ | चालु खर्च | ४०३८७८०७९ | ४०३८७८०७ |
| | क. नगद | | | २ | पूँजीगत खर्च | २१२२९५३३४ | २१२२९५३३ |
| | ख. बैँक | ५३१३५४२५ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय) | | ११३८४१६५१ | | क. ऋण भुक्तानी | | |
| | क. आन्तरिक राजस्व | १४६५८८६९ | | | ख. ब्याज भुक्तानी | | |
| | ख. राजस्व बाँडफाँड | ९९१८२७८२ | | | ग. अन्य भुक्तानी | | |
| | ग. अन्य आय | | | ४ | लगानी | | |
| ३ | वित्तीय हस्तान्तरण संघ | | ५०३८१००५१ | | ऋण लगानी | | |
| | क. वित्तीय समानीकरण अनुदान | ११८०३०००० | | | शेयर लगानी | | |
| | ख. सशर्त अनुदान | ३६१२८१००० | | | अन्य लगानी | | |
| | ग. समपूरक अनुदान | ५८००००० | | ५ | धरौटी फिर्ता | ६९४४०७० | ६९४४०७० |
| | घ. विशेष अनुदान | १८६९९०५१ | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४३८९९९५९ | ७ | कोष फिर्ता | ३६६७७४३ | ३६६७७४३ |
| | क. वित्तीय समानीकरण अनुदान | ६९६०००० | | ८ | मौज्दात | | ३५९८४६६५ |
| | ख. सशर्त अनुदान | ११०००००० | | | क. बैँक मौज्दात | ३५९८४६६५ | |
| | ग. समपुरक अनुदान | १७७३९९५९ | | | ख. नगद मौज्दात | | |
| | घ. विशेष अनुदान | ८२००००० | | ९ | शसर्त अनुदान फिर्ता | ४३४४५७०८ | ४३४४५७०८ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | गत बर्षको बढी अल्या | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | अन्य | | २०४१४२८६७.५ | | अन्य | | २००८५६६४ |
| | क. एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २५७०२८७८ | | | क. एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २५७०२८७८ | |
| | ख. सडक बोर्ड नेपाल | ३२८६२२० | | | | | |
| | ग. सामाजिक सुरक्षा तथा संरक्षण | १६७९५३७६९.५ | | | ग. सामाजिक सुरक्षा तथा संरक्षण | १६७९५३७६९.५ | |
| | घ. स्थानीय तह प्रशासकिय भवन निर्माण | ३०००००० | | | घ. स्थानीय तह प्रशासकिय भवन निर्माण | ३०००००० | |
| | ङ. भाषा तथा संस्कृति कार्यक्रम | ४२००००० | | | ङ. भाषा तथा संस्कृति कार्यक्रम | ४२००००० | |
| | | | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | ३८१३७०९ | ३८१३७०९ | ११ | जनश्रमदान मौज्दात | | |
| ८ | जनसहभागिता (नगद) | | | १२ | धरौटी मौज्दात | १५१७४५०५ | १५१७४५०५ |
| ९ | विषयगत निकायबाट प्राप्त | | | १३ | कोष खाताको मौज्दात | ५५९६६७ | ५५९६६७ |
| १० | धरौटी आय | ७४१९००७ | ७४१९००७ | १४ | विविध खाताको खर्च | १०१९४३८३ | १०१९४३८३ |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | २९३८१३३ | २९३८१३३ | | | | |
| | जम्मा | | ९३३०००८०२.५ | | जम्मा | | ९३३०००८० |

**सुत्रको वित्तीय विवरण-**

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७५,६२,१२,०४२.५० | ६३,८९,८५,६६८.२१ | | ६३,८९,८५,६६८.२१ | ६३,३०,४४,७२५.४४ | | ६३,३०,४४,७२५.४४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७४,१७,९०,०२०.२९ | ६१,८१,०५,९५४.०० | ० | ६१,८१,०५,९५४.०० | ६०,५२,३७,२७५.४४ | ० | ६०,५२,३७,२७५.४४ |
| ११००० कर | ११ | १२,७२,९७,०००.०० | ९,७९,३९,२९२.८४ | ० | ९,७९,३९,२९२.८४ | १०,६७,१८,३३४.५२ | ० | १०,६७,१८,३३४.५२ |
| १३००० अनुदान | | ५६,३१,४१,०००.०० | ५०,४२,६४,३०२.०० | ० | ५०,४२,६४,३०२.०० | ४७,७८,५४,३६३.०० | ० | ४७,७८,५४,३६३.०० |
| संघीय सरकार | १२ | ५१,६९,८१,०००.०० | ४६,२०,४४,९४४.०० | ० | ४६,२०,४४,९४४.०० | ४४,१६,३९,०८८.०० | ० | ४४,१६,३९,०८८.०० |
| प्रदेश सरकार | १२ | ४,६१,६०,०००.०० | ४,२२,१९,३५८.०० | ० | ४,२२,१९,३५८.०० | ३,६२,१५,२७५.०० | ० | ३,६२,१५,२७५.०० |
| १४००० अन्य राजस्व | | १,७३,००,०००.०० | १,५९,०२,३५९.१६ | ० | १,५९,०२,३५९.१६ | २,०६,६४,५७७.९२ | ० | २,०६,६४,५७७.९२ |
| ३२००० वित्तीय सम्पत्ति | | ३,४०,५२,०२०.२९ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,४४,२२,०२२.२१ | २,०८,७९,७१४.२१ | | २,०८,७९,७१४.२१ | २,७८,०७,४५०.०० | | २,७८,०७,४५०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,४४,२२,०२२.२१ | १,३४,६०,७०७.२१ | ० | १,३४,६०,७०७.२१ | १,७८,२८,४४०.०० | ० | १,७८,२८,४४०.०० |
| धरौटी | | ० | ७४,१९,००७.०० | ० | ७४,१९,००७.०० | ९९,७९,०१०.०० | ० | ९९,७९,०१०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७५,६२,१२,०४२.५० | ६३,६९,७६,५९०.५७ | | ६३,६९,७६,५९०.५७ | ५८,९८,७०,४५८.२० | | ५८,९८,७०,४५८.२० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७४,१७,९०,०२०.२९ | ६१,६१,७३,४१३.३६ | | ६१,६१,७३,४१३.३६ | ५७,२०,०४,७५४.२० | | ५७,२०,०४,७५४.२० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १२,३४,१७,९००.०० | १०,४३,६६,११५.०० | ० | १०,४३,६६,११५.०० | २४,४३,४५,७२९.०० | ० | २४,४३,४५,७२९.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ३२,०७,१२,८१५.२९ | २८,६१,७२,७११.०० | ० | २८,६१,७२,७११.०० | ९,५९,३५,२२८.८१ | ० | ९,५९,३५,२२८.८१ |
| २५००० सहायता (Subsidy) | १८ | १६,२५,०००.०० | १६,२५,०००.०० | ० | १६,२५,०००.०० | ५३,८४,४६९.०० | ० | ५३,८४,४६९.०० |
| २७००० सामाजिक | १८ | १,३९,२४,३६४.०० | ८३,९१,५५३.३६ | ० | ८३,९१,५५३.३६ | ८६,३९,९२१.०० | ० | ८६,३९,९२१.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सुरक्षा | | | | | | | | |
| २८००० अन्य खर्च | १८ | ३४,२२,७००.०० | ३३,२२,७००.०० | ० | ३३,२२,७००.०० | २०,५०,०००.०० | ० | २०,५०,०००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २७,८६,८७,२४१.०० | २१,२२,९५,३३४.०० | ० | २१,२२,९५,३३४.०० | २१,५६,४९,४०६.३९ | ० | २१,५६,४९,४०६.३९ |
| घ. अन्य भूक्तानी | | १,४४,२२,०२२.२१ | २,०८,०३,१७७.२१ | | २,०८,०३,१७७.२१ | ५८,९८,७०,४५८.२० | | ५८,९८,७०,४५८.२० |
| कोषहरु | | १,४४,२२,०२२.२१ | १,३८,६२,१०१.२१ | ० | १,३८,६२,१०१.२१ | १,४३,८५,९७८.०० | ० | १,४३,८५,९७८.०० |
| धरौटी | | ० | ६९,४१,१८१.०० | ० | ६९,४१,१८१.०० | ३४,७९,७२६.०० | ० | ३४,७९,७२६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | -१०५. | | -१०५. | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | २०,०९,०७७.६४ | | २०,०९,०७७.६४ | ४,३१,७४,२६७.२४ | | ४,३१,७४,२६७.२४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,९७,१२,७८०.०० | | ४,९७,१२,७८०.०० | ९१,७१,२०२.०० | | ९१,७१,२०२.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ५,१७,२१,८५७.६४ | | ५,१७,२१,८५७.६४ | ५,२३,४५,४६९.२४ | | ५,२३,४५,४६९.२४ |
| बैंक तथा नगद बाकी | २४ | | ५,१७,२१,८५७.६४ | | ५,१७,२१,८५७.६४ | ५,२३,१५,९०६.२४ | | ५,२३,१५,९०६.२४ |

## बेरूजु दफा १३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | कार्यक्रमको नाम | ठेक्का नं. | निर्माण व्यवसायी | विनियोजित वजेट | लागत अनुमान | सम्झौता रकम | घटीप्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | वडा नं ७ र ८ का फुटकर मो वा | MMSQ८/WORKS/२०७९/०८० | लेभल अप कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १०००००० | ९९९२३८ | ९५१०५१ | ४.८२ |
| २ | शिवालय मन्दिर निर्माण वडा नं १ | MMSQ६/WORKS/२०७९/०८० | डेड्रिम कन्स्ट्रक्सन प्रा.लि. | ११५०००० | ११४९५४१ | १०७८८७८ | ६.१५ |
| ४ | भञ्ज्याङ हाडिखोला पौदि अमराइ सडक स्तरोन्नती | MMHC/WORKS/SQ४/२०७९-०८० | गाउँले निर्माण सेवा | १५००००० | १४८१३०९ | १४७३१६९ | ०.५५ |
| ५ | ह्युमपाइप तथा तारजाली खरिद | MMSQ१०/GOODS/२०७९/०८० | एम के इन्डस्ट्रिज प्रा लि | १५००००० | १४४६३९३ | १०९७२३६ | २४.१४ |
| ७ | श्री सरस्वती मा वि कम्पाउण्ड वाल निर्माण | MMEB/SQ१/WORKS/२०७९/०८० | सूर्योदय कन्स्ट्रकशन | २०००००० | १९९९१७५ | १९०२७१७ | ४.८२ |
| ८ | श्री जनजागृति मा वि शौचालय भवन निर्माण | MMSQ२/WORKS/२०७९/०८० | त्रिवेणी कन्स्ट्रकशन एण्ड सप्लायर्स प्रा लि | २०००००० | १९९९९२१ | १८६३७३४ | ६.८१ |
| ९ | पृथ्वी मा वि प्लास्टर तथा रंगरोगन | MMEB/SQ४/WORKS/२०७९-०८० | ए यस वेल्वासे विल्डर्स प्रा लि | २०००००० | १९९९११९ | १९३७७४१ | ३.०७ |
| १० | कभर्ड हल निर्माण योजना वडा नं ७ | MMEB१५/WORKS/BC-०५/२०७९-०८० | नाइजोल निर्माण सेवा | २५००००० | २४९९२९६ | १८८५७१५ | २४.५५ |
| १३ | भग्लाम दजाकोट हलोगाडे ठूलापोखरा धारापानी फेदी सडक | MMEB७/WORKS/NCB/RC-०५/७९-०९० | कृष कुशल निर्माण एण्ड सप्लायर्स प्रा लि | ५०००००० | ४९९९९३६ | ३९१२१३४ | २१.७६ |
| १४ | भुवाचिदी कुर्घा मालिका स्वार मोटरवाटो | MMEB२/WORKS/NCB/RC०२/२०७९-०८० | भगवती कन्स्ट्रकशन | ५०००००० | ४९९९८९७ | ३८३५४०९ | २३.२९ |
| १५ | वामी वामीमैदान अर्लाङकोट ददल्का सडक | MMEB१/WORKS/NCB/RC०१/२०७९-०८० | श्री सत्य साइ विल्डर्स एण्ड ट्रेडिङ कम्पनी प्रालि. | ५०००००० | ३९९९८५५ | ३७१०१८८ | ७.२४ |
| १६ | मैदान तोलादि झेदी वामी सडक स्तरोन्नती | MMEB६/WORKS/NCB/RC०४/२०७९-०८० | कृष कुशल निर्माण एण्ड सप्लायर्स प्रा लि | ५०००००० | ४९९९९९४ | ३९७८१६३ | २०.४४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | गौरास पाउखोला | MMEB५/WORKS/NCB/RC०३/२०७९-०८० | अनिल निर्माण सेवा प्रा लि वाऊलुङ | ५०००००० | ४९९९६६० | ४२९२३१७ | १४.१५ |
| १८ | स्वास्थ्य चौकी भवन निर्माणऽ वडा नं ४ | MMEB१२/WORKS/BC/०२/२०७९-०८० | जि आर एस कन्स्ट्रकशन एण्ड सप्लायर्स प्रा लि | १००००००० | १८००८१८८ | १३४३३९४५ | २५.४० |
| १९ | स्वास्थ्य चौकी भवन निर्माण वडा नं ८ | MMEB१३/WORKS/BC/०३/२०७९-०८० | लुम्विनि निर्माण सेवा | १००००००० | १८१८८७०६ | १३२५७९३७ | २७.११ |
| २० | महेन्द्र नमुना मा वि प्रशासकीय भवन निर्माण | MMEB४/WORKS/BC/२०७९-०८० | भगवती कन्स्ट्रकशन | १०१००००० | १००९६९७१ | ९२९७६३२ | ७.९२ |
| २१ | दौभान राक्से लिलिङ कृषि सडक | MMEB८/WORKS/NCB/RC-०६/७९-०९० | एस आर पि ग्रुप प्रा लि | १६०००००० | १५९९९९१० | ९४९६०१२ | ४०.६५ |
| २२ | बहुउद्देश्शीय सभाहल निर्माण योजना | MMEB१४/WORKS/BC-०४/२०७९-०८० | न्यू लिजा निर्माण सेवा प्रा लि | २०००००००० | ३६१७७००९ | ३४३५२३७२ | ५.०४ |

## बेरूजु दफा ४८.१ सँग सम्बन्धित विवरण - अनुसूची -५

| सि.नं | योजनाका क्षेत्र | वडा | खर्च |
|---|---|---|---|
| १ | गोरेटो बाटो मर्मत (१०) र मोटर बाटो मर्मत (६) | १ | ६०००८० |
| २ | मोटर बाटो मर्मत (३) र गोरेटो बाटो मर्मत (८) | २ | ५३८०४२ |
| ३ | गोरेटो बाटो मर्मत (८) र मोटर बाटो मर्मत (३) | ३ | ५३८०४२ |
| ४ | मोटर बाटो मर्मत (४) र गोरेटो बाटो मर्मत (४) | ४ | ५०३९८१ |
| ५ | मोटर बाटो मर्मत(९) | ५ | ५८८३६४ |
| ६ | मोटर बाटो मर्मत (६ | ६ | ५८०५५६ |
| ७ | मोटर बाटो मर्मत (७), गोरेटो बाटो मर्मत (११) र सरसफाई (४) | ७ | ५२३०७१ |
| ८ | मोटर बाटो मर्मत (५) र गोरेटो बाटो मर्मत (२) | ८ | ५३८२५७ |
| ९ | मोटर बाटो मर्मत (७) | ९ | ५३८०४२ |

## बेरूजु दफा ६६.२ सँग सम्बन्धित विवरण - अनुसूची -६

| सि.नं | विद्यालयको नाम | निकासा गएको | ऐच्छिक बिषयको खर्च |
|---|---|---|---|
| १ | श्री सरस्वती मा.वि. | १२९७०५ | ६६२७ |
| २ | श्री खस्योक मा.वि. | १०३१७९ | ४३०१ |
| ३ | श्री मुसिकोट मा.वि. | १९१२५३ | १०४४४ |
| ४ | श्री शिवशंकर मा.वि. | ३४२८६६ | २४२३२ |
| ५ | श्री त्रीभुवन मा.वि. | ६६४२८४ | १५२१९ |
| ६ | श्री महेन्द्र मा.वि. | १८२८०७ | ३४९११ |
| ७ | श्री शारदा विद्यामन्दिर मा.वि. | | १०६०५ |

# बेरूजु दफा ६८ सँग सम्बन्धित विवरण - अनुसूची -७

| सि.नं | विद्यालय | विज्ञान प्रयोगशाला | पुस्तकालय व्यवस्थापन | जम्मा |
|---|---|---|---|---|
| १ | श्री ददल्का मा.वि | - | ६५०००० | ६५०००० |
| | श्री छत्र मा.वि | - | ६५०००० | ६५०००० |
| | श्री ज्ञानज्योती मा.वि | - | ६५०००० | ६५०००० |
| | श्री मुसिकोट मा.वि. | ६५०००० | - | ६५०००० |
| | श्री पेंगा नि.मा.वि. | ६५०००० | - | ६५०००० |
| **जम्मा** | | **१३०००००** | **१९५००००** | **३२५००००** |


https://nams.oag.gov.np